पोखरा महानगरपालिका
POKHARA METROPOLITAN CITY

पोखरा दर्पण, त्रैमासिक बुलेटिन

वर्ष १३, । अंक २४ । २०७६ पुस

• संरक्षक
**मानबहादुर जिसी**
प्रमुख
**मञ्जुदेवी गुरुङ**
उपप्रमुख
**गंगालाल सुवेदी**
निमित्त प्रमुख प्रशासकीय अधिकृत

• सम्पादक मण्डल
संयोजक
**माधवप्रसाद बराल**

• सदस्य
**नवराज सापकोटा**
**एकराज गिरी**
**सोमनाथ लम्साल**
**मन क्षेत्री**

• प्रकाशक
**पोखरा महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
न्यूरोड, पोखरा

**सम्पर्क नं.**
**+९७७ ६१ ५२५३४०, ५२११०४, ५२११०५**
**फ्याक्स नं. +९७७ ६१ ५२०६००**
Email: info@pokharamun.gov.np
website : www.pkharamun.gov.np
www.facebook.com/pokharamun

## सम्पादकीय

# पर्यटन उकास्ने समझदारी

पर्यटनको प्रवर्द्धन गर्न पोखरा महानगरपालिका कुनै कसर नराख्ने पक्षमा छ । त्यसै अनुसारका काम कारबाही भइरहेका छन् । देशदेशावरमा पोखराको प्रचार गर्ने, मित्रराष्ट्रका नगरहरुसँग साइनो जोडेर सम्बन्ध विस्तार गर्ने काम त्यसैका कडी हुन् । स्वदेशमै पनि अरु नगर, महानगरमा पोखराको पर्यटकीय आकर्षण अरु विस्तार गर्न चितवनको भरतपुर महानगर पालिकासँग एउटा समझदारी भएको छ ।

दुबै सहर पर्यटकीय गन्तव्यका लागि उत्कृष्ट रहेको औल्याउँदै महानगरबीच आगामी ५ वर्षका लागि द्विपक्षीय समझदारी भएको छ । राजधानी बाहिरका २ ठूला महानगरपालिका पोखरा र भरतपुरबीचको समझारीले पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास छ । समझदारी यो पनि भएको छ कि पोखरामा भरतपुर मार्ग बनाउने र भरतपुरमा पोखरा मार्ग बनाउने । यसबाट जनस्तरसम्म भावनात्मक साइनो जोडिने विश्वास छ । पोखरा र भरतपुर महानगरपालिका जोड्ने पृथ्वी राजमार्ग र मुग्लिन-नारायणगढ सडकलाई विशेष सौन्दर्यीकरण गर्न संयुक्त पहल गर्ने समझदारी अत्यन्तै महत्वपूर्ण छ ।

पोखरा र भरतपुर हवाई मार्गबाट पनि जोडिएका छन् । यसबाट पर्यटक आउजाउमा सजिलो भएको छ । स्थलमार्गबाटै पनि यी नगर खासै टाढाका ठाउँ होइनन् । पोखरा आउने स्वदेशी पर्यटकमा चितवन भरतपुर लगायतका ठाउँको योगदान रहोस् र भरतपुरमा पनि पोखराको रहोस् भन्ने हेतु समझदारीको हो । समझदारीपछि पोखराका मेयर मानबहादुर जिसीले भने झैं अब निर्वाहमुखी पर्यटन व्यवसायले अर्थतन्त्रलाई खास योगदान गर्न सक्दैन । हो, पूर्वाधार क्षेत्रमा ठूलो लगानी गरी व्यवस्थित र मर्यादित पर्यटनको विकासले मात्रै मुलुकको अर्थतन्त्रमा पर्यटनले योगदान गर्न सक्छ ।

विदेशी पर्यटकलाई मुख्य आधार बनाइँदा कुनै न कुनै बेला त्यसले संकट निम्त्याउँछ । त्यो भरपर्दो पनि हुँदैन । परनिर्भरताको अर्को रुप हुन जान्छ त्यस्तो भर । जस्तो पछिल्लोपटक चीनमा कोरोना भाइरस देखियो र चिनिया पर्यटकको बाटो थुनियो । एउटा देशमा कुनै घटना हुँदा त्यसले संसारभरकै पर्यटनमा असर पुऱ्याउँछ । तर आन्तरिक पर्यटन त्यस्तो हुँदैन । वास्तविकता आन्तरिकले बुझेका हुन्छन् र आवश्यकता अनुसार हिँडडुल गर्छन् । जस्तो कि मुलुक द्वन्द्वकालमा हुँदा विदेशी पर्यटक आएनन्, उत्तरार्द्धतिर भने आन्तरिक पर्यटककै भर भयो । दुई नगरको समझदारीले पर्यटनसँगै अरु थुप्रै आयाममा योगदान पुऱ्याउने अपेक्षा छ । सुन्दर भविष्यको प्रतीक्षा गरौं ।

# पोखरा महानगरपालिका
# नगर कार्यपालिको कार्यालय
न्युरोड, पोखरा

## राजश्व/ कर दाखिला सम्बन्धी जानकारी

पोखरा महानगरपालिकामा दाखिला गर्नुपर्ने सम्पत्तिकर, बहालकर, उद्योग पेशा व्यवसायकर, सरसफाइ सेवाशुल्क, विज्ञापन कर चालु आर्थिक वर्ष ०७६/०७७ को असार मसान्त सम्म दाखिला गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ। २०७६ असार मसान्त पश्चातबांकी करमा थप जरिवाना लाग्ने भएकोले समयमै कर दाखिला गरी जरिवाना बाट बचौं। कर दस्तुरहरु महानगरपालिकाको राजश्व प्रशासन शाखा तथा सम्बन्धित वडा कार्यालयमा दाखिला गर्न सकिनेछ। समयमा कर दाखिला गरी सभ्य नागरिकाको परिचय दिऔं। विस्तृत जानकारीका लागि राजश्व प्रशासन शाखाको फोन ०६१-५२०३९२, सम्बन्धित वडा कार्यालय र **www.pokharamun.gov.np** बाट पनि थाहा पाउन सकिने छ।

महानगरपालिकामा कुनैपनि प्रकारको सेवा सुविधालिँदा कर तथा राजश्व दाखिला गर्दा संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु।

### १) उद्योग, पेशा व्यवसाय नयाँ इजाजत र नवीकरणको लागि

क) महानगरपालिकाबाट इजाजत लिइसकेकाको हकमा पेशा, व्यवसाय इजाजतको सक्कल प्रमाणपत्र
ख.) नयाँ व्यवसाय दर्ता हो भने नागरिकताको प्रतिलिपि र एक प्रति फोटो
ग) घर वा जग्गा भाडामा भएमा सम्झौताको प्रतिलिपि
घ) सम्पर्क मोबाइल नम्बर
ङ) अन्य निकायमा दर्ता भएको छ भने दर्ताको प्रमाणपत्रको प्रतिलिपि
च) दुई वा दुईभन्दा बढी व्यक्ति मिलेर व्यवसाय सञ्चालन गर्ने हो भने साझेदारहरुको कबुलियत पत्र।
छ) यदि व्यवसाय बन्द गर्नुपर्ने हो भने हालसम्मको नवीकरण शुल्क तिरी बन्द गर्ने।

### २) बहाल कर

क) घर जग्गा भाडामा लगाएको वडा प्रतिनिधि समेतको रोहवरको भएको सम्झौतापत्र।
ख) घर जग्गाधनीको सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि
ग) महानगरपालिकाबाट उपलब्ध गराइएको बहाल पुस्तिका
घ) सम्पर्क मोबाइल नम्बर

### ३) सम्पत्ति कर, भूमिकर (मालपोत)

क) सम्पत्तिकर नियमित तिरेको छ भने तिरेको रसिदको प्रतिलिपि वा आन्तरिक संकेत नम्बर।
ख) घर जग्गा नयाँ खरिद गरेको हो भने लालपुर्जाको फोटो कपीको साथै को सँग खरिद गरेको हो उसको सम्पत्ति कर तिरेको रसिद।
ग) सम्पर्क मोबाइल नम्बर र नागरिकताको प्रतिलिपि

### ४) शिक्षा/स्वास्थ्यसँग सम्बन्धित करहरु :

क) भाडामा लिई व्यवसाय सञ्चालन भएको हो भने भाडामा लिएको सम्झौतापत्र र आफ्नै सम्पत्तिमा रहेको भए सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपि।
ख) मोबाइल नम्बर र नागरिकताको प्रतिलिपि
ग) अन्य निकायमा दर्ता रहेको प्रमाणको प्रतिलिपि



• धनबहादुर नेपाली

# धरानसँग सांस्कृतिक सम्बन्ध प्रगाढ बन्दै

हरेक वर्ष पुस १९ गतेलाई धरान उपमहानगरपालिकाले धरान दिवसका रुपमा मनाउँदै आएको रहेछ । धरान उपमहानगर पालिकाले सांस्कृतिक भगिनी सम्बन्ध रहेको पोखरालाई धरान महोत्सव २०७६ को सन्दर्भ पारेर निम्ता गऱ्यो पोखरा महानगरपालिकालाई । पोखरा महानगरको तर्फबाट प्रतिनिधि टिम सहित मेरो नेतृत्वमा सहभागिताको लागि हामी धरान महोत्सवकको समापनको दिन पुस २१ गते सहभागी हुन २० गते यात्रामा जुट्यौं पोखराबाट ।

२०५७ सालमा दुवै उपमहानगर रहेको बेला तत्कालीन पोखराका मेयर कृष्ण थापाले धरान-पोखरा सांस्कृतिक सहरको रुपमा सम्बन्ध बढाएपछि पोखरा धरान बीच एक अर्को अनुभव र सांस्कृतिक क्षेत्रमा कार्यक्रम साटासाट हुन थालेको थियो । दुवै सहर बीच भ्रमण हुन थालेको थियो । वरिपरि रहेको हरिया डाँडा, पहाडी क्षेत्र, लाहुरे बस्ती मौसमको एक रुपता सुन्दर घर, सांस्कृतिक समुदाय, जाति सबै हिसाबले पोखरा र धरानबीच धेरै विषयमा एक रुपता भेटिन्छन् ।

यात्रामा सहकर्मी, जनप्रतिनिधि वडा अध्यक्ष निर्मल दियाली, इञ्जिनियर महेन्द्रबहादुर गोदार वडा सदस्यहरु प्रभा पन्त, विष्णु माया विक, सारंगी वादक धनबहादुर गायक, इच्छाबहादुर गायकसहित ९ जनाको टोली थियो । झण्डै ११ घण्टाको यात्रापछि धरान सहर पुगियो । चालक भाइ आशबहादुर गुरुङको कुशलतापूर्वक ड्राइभिङको तारिफ गऱ्यौं हामीले । हामीलाई स्वागत सत्कार धरान उ.म.न.पा. का सहायक प्रमुख प्रसाशकीय अधिकृत गणेश खतिवडाले मिलाउनु भएको थियो ।

धरान महोत्सव पुस १९-२१ सम्म सञ्चालनमा रहेछ । २१ गते बिहान होटलबाट चिया पिए सँगैं हाम्रो टोली चर्चित धरान बूढा सुब्बा मन्दिर अवलोकनमा पुग्यौं । मन्दिरको दर्शन गरेपछि व्यक्तिगत/सामूहिक तस्बिर लिएर आनन्दित भयौं । भक्का चामलको पिठाको रोटी स्वादिष्ट रहेछ मन्दिर परिसरमा बिहानको नास्ता त्यहि भयो । नजिकैको बिपी पार्क, खोलाका

**भगिनी सम्बन्धको रङलाई चहकिलो बनाउने र दुवै नगरको सम्बन्धमा नयाँपन ल्याउने प्रतिबद्धता**

ढुंगाको 'पत्थर कला' ले मन लोभ्यायो हाम्रो । धरान उपमहानगरपालिका परिसरमा मेयर तिलक राई उप-मेयर मञ्जु भण्डारीद्वारा हामीलाई स्वागत गर्नु भयो ।

बिहान नेपाल भ्रमण वर्ष २०२० अन्तर्गत 'घुम्न जाऔं धरान' लेखिएको टिसर्टसहित साइकल यात्रा धरान उ.म.न.पा कार्यालयबाट प्रारम्भ एवं बिपी पार्कमा वृक्षरोपण कार्यक्रम रहेछ त्यसमा सहभागी बन्यौं । खाना खाएपछि नगरपापालिकाको बन्दै गरेको भवन हेऱ्यौं । साग खेलमा विजयी खेलाडी (स्वर्ण पदक विजेता) लाई सहर परिक्रमा गरियो । हामीले बधाई दिने मौका पायौं । नगर सभाहलमा परिचय तथा स्वागत कार्यक्रम आयोजना गरियो ।धरान नगर प्रवक्तामा मणि राइले टीका लगाइ रुद्राक्षको माला पहिऱ्याएर हामीलाई स्वागत गर्नु भयो । हामीले पोखराको चिनो काष्ठ कलाले सजिएको पोखराका पर्यटकीय स्थलको चित्र सजिएको फोटोफ्रेम र पोखरा दर्पणका अंकहरु प्रदान गऱ्यौं ।

धरान महोत्सवको समापन समारोहमा सहभागी बन्यौं हामी । केही महिना अघि सम्पन्न उपनिर्वाचनमा निर्वाचित तिलक राईको अध्यक्षतामा कार्यक्रम सुरु भयो । प्रमुख अतिथि १ नम्बर प्रदेशका मुख्यमन्त्री शेरधन राई हुनुहुन्थ्यो । कार्यक्रममा विभिन्न समुदायका सांस्कृतिक गीत नृत्य प्रस्तुत भए । पोखराका कलाकारले धरान पोखरा बीचको सम्बन्ध बढाउने गीत, 'हे बरै' बोलको गित सारंगी संगीत प्रस्तुत गर्नु भयो ।

महोत्सवका दर्शहरुले रुची पूर्वक तवरले श्रवण गरेको थिए यो प्रस्तुतिलाई । हाम्रो प्रस्तुति पछि 'ए हजुर घर मेरो पोखरा' बोलको गीत बजेपछि दर्शक सँगै मञ्च नै नाचमा होमियो । धनबहादुर दाइको गमिलो नाचले रौनक थप्यो दर्शकमा ।

समापन समारोहमा अतिथितर्फबाट धरान दिवसको सफलता शुभकामना सन्देशमा धरानको समग्र विकासका लागि पोखरा र धरानको सम्बन्ध प्रगाढ बनाउने प्रतिबद्धता व्यक्त गऱ्यौं हामीले । भगिनी सम्बन्धको रङलाई चहकिलो बनाउने र दुवै नगरको सम्बन्धमा नयाँपन विकास गर्ने जिम्मेवारी बोकेर फर्क्यौं हामी ।

*नेपाली पोखरा महानगरपालिकाको प्रवक्ता हुनुहुन्छ ।*

# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गण्डकी प्रदेश, नेपाल

## पोखरा महानगरपालिकामा दाखिला गर्नुपर्ने कर, दस्तुर विवरण

| क्र.स | सेवाग्राहीको प्रकार | कर, दस्तुर, शुल्कको प्रकार |
|---|---|---|
| १. | घरजग्गा हुनेले | सम्पत्तिकर, मालपोत भूमिकर |
| २ | उद्योग, पेशा तथा सेवा व्यवसायले | व्यवसाय कर |
| ३. | घरजग्गा बहालमा लगाउनेले | बहाल कर |
| ४. | विभिन्न किसिमका सेवालिए वापत | सेवा शुल्क, दस्तुर |
| ५. | घर निर्माण गर्नेले | घर नक्सापास दस्तुर |
| ६ | सिनेमाहल, फनपार्क, नाट्यशाला मेला महोत्सव आदि | मनोरञ्जन कर |
| ७ | पर्यटन सम्बन्धी कार्य गर्नेले | पर्यटन कर |
| ८ | प्रचार प्रसार गर्ने सबैले | विज्ञापन कर |
| ९ | सरसफाइ सेवाशुल्क | व्यवसायी, घरधनी |
| १० | महानगरको नियम उल्लंघन गर्नेले | दण्ड जरिवाना |

१) पोखरा महानगरपालिकामा तपसिल बमोजिमका कर, दस्तुर र सेवा शुल्कहरु समयमै दाखिला गरी दण्ड जरिवाना बाट बचौं । तपाईंले तिरेको कर तपाईंको नगर निर्माणको लागि प्रयोग हुने भएकोले कर तिरेर नगर विकासमा सहभागी बनौं ।

२) समयमै कर तिरेर सभ्य नागरिकको परिचय दिऔं ।

३) कर, दस्तुर महानगरपालिकाको राजश्व प्रशासन शाखा र सम्बन्धित वडा कार्यालयमा दाखिला गर्न सकिने छ ।

विस्तृत जानकारी पोखरा महानगरपालिकाको वेबसाइट www.pokharamun.gov.np, राजश्व प्रशासन शाखा फोन ५२०३९२ वा सम्बन्धित वडा कार्यालयहरु बाट लिन सकिनेछ ।

# न्यायिक समितिको प्राथमिकता मेलमिलाप





• नारायणप्रसाद शर्मा

पोखरा महानगरपालिकाको न्यायिक समितिले विवादका दुवै पक्षहरुलाई विवादको निरुपण गर्नुभन्दा पहिले प्रचलित कानुन वमोजिम मेलमिलापको प्रक्रिया अवलम्बन गरी मेलमिलाप गराउने तवरलाई प्राथमिकता दिँदै आएको छ । मेलमिलाप कार्यलाई प्रभावकारी तथा पारदर्शी बनाउन न्यायिक समितिले पहिलो प्राथमिकता दिएको छ । मेलमिलाप कार्यलाई नतिजामुखी बनाउन पोखरा महानगरमा २० वटा वडामा मेलमिलाप केन्द्र गठन भइसकेका छन् । न्यायिक समितिको सक्रियातामा वडा मेलमिलाप केन्द्र गठन भएका हुन । स्थानीय स्तरमा हुने सामान्य प्रकृतिका विवादहरु जुन मेलमिलाप मार्फत् समाधान गर्न सकिन्छ, त्यस्ता प्रकृतिका विवादलाई आफ्नै घरआँगन टोलछेउमा रहेको वडा मेलमिलाप केन्द्रमा गई विवाद समाधानमा पोखरा महानगरपालिकामा सूचिकृत मेलमिलापकर्ता मार्फत सहजीकरण गर्नेतर्फ मेलमिलापको व्यवस्था गरिएको हो । विवादको टुंगो लगाउनमा महानगरपालिकामा सूचिकृत मेलमिलापकर्ताले सहजकर्ताको भूमिकाको रुपमा कार्य गरिरहेका छन् ।

पोखरा महानगरपालिकाले न्यायिक समितिले प्रत्येक वडामा मेलमिलाकर्ताको व्यवस्थापनका लागि गत आर्थिक वर्षमा ८९ जनालाई मेलमिलापकर्ता आधारभूत तालिममा सहभागी गराई सूचिकृतसमेत गरिसकेको छ । साविकमा आधिकारिक संघ संस्थासाबाट मेलमिलापकर्ता आधारभूत तालिम प्राप्त र महानगरपालिकाले तालिम दिए पश्चात सूचिकृत भएका चालु आर्थिक वर्षमा एक संस्थासहित जम्मा १७४ सूचीमा समावेश हुन आएका छन् । मेलमिलापकर्ता तयार गर्न महानगरपालिकाले आफ्नो कार्य नीतिसमेत अवलम्बन गर्दै आइरहेको छ । जसले मुद्दा मामिलाको झन्झट र खर्च त घट्छ नै सामाजिक क्षेत्रमा समेत सुधार ल्याई सुशासन एवं दिगो शान्ति स्थापनामा गर्नमा सहयोगसमेत पुग्ने अपेक्षा महानगरले लिएको छ ।

मेलमिलापकर्ता समाजिक शान्ति दूतका रुपमा रहने हुँदा यसबाट भाइचारा र सद्भावसमेत बढाउने कार्यमा उनीहरुको भूमिका महत्वपूर्ण रहन्छ । विस्तारै प्रत्येक वडामा छुट्टै मेलमिलाप केन्द्र पनि स्थापना हुनेछन् । उपप्रमुखको संयोजकत्वमा रहने न्यायिक समितिले पनि मेलमिलापकै अवधारणामा काम गरिरहेको छ । मेलमिलापले भविष्यमा पनि मनमुटाव नहुने वातावरण बनाउने भएकाले यस्ता कार्यक्रमलाई वडा समितिको समन्वयमा प्रत्येक वडामा विस्तार गर्न न्यायिक समिति सक्रिय भूमिका रहेको छ ।

सामान्य विवाद तथा झैझगडामा पनि अदालत सम्म जान सक्ने झन्झटबाट मुक्त हुनका लागि मेलमिलपको माध्यमबाट सहज हुनेछ । पहुँच नभएका स्थानीय नागरिकहरु आफ्नै वडामा स्थापना भएको वडा मेलमिलाप केन्द्रमार्फत चित्तबुझ्दो न्याय दिलाउन गरी विशेष अभियान महानगरपालिकाले चलाएको छ । वडा तथा वस्तीस्तरसम्म न्याय पुऱ्याउन, समाजमा हुने मुद्दा मामिला वडामा नै मिलाउन वडा मेलमिलाप केन्द्रको स्थापना भई कार्यक्रम सुरु भएको छ । मेलमिलाप गराउँदा दुवै पक्षले जित-जित महसुस गर्ने भएकाले सोही अनुरूप तयार पारिएका जनशक्तिलाई क्षमता अभिवृद्धि गर्ने योजना समेत महानगरपालिकाले बनाइरहेको छ । मेलमिलापकर्ताहरुको सुनिश्चित गर्न मेलमिलाप कार्यक्रमलाई महानगरपालिकाको एउटा अभिन्न

अंगको रुपमा लिइएको छ ।

अदालतमा मुद्दाको चाप कम गर्न र मुद्दाका नाममा हुने अनावश्यक खर्च, समय र झन्झट कम गर्न महानगरपालिकाले लिएको मेलमिलाप अवधारणा र नेपाल सरकारको नीति एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था अनुरुप मेलमिलापको कार्यक्रमलाई अगाडि बढाइएको हो । स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ उपदफा (२) बमोजिम न्यायिक समितिलाई देहायका विवादहरुमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरुपण गर्ने अधिकार हुने छ । यस अन्तर्गत देहायका विवादहरु पर्दछन् ।

(क) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले च्यापी, मिचि वा घुसाइ खाएको

(ख) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएका

(ग) पति पत्नीबीचको सम्बन्धविच्छेद ।

(घ) अंगभंग बाहेकको बढीमा एक वर्ष कैद हुन सक्ने कुटपिट ।

(ङ) गाली बेइज्जती ।

(च) लुटपिट ।

(छ) पशुपंक्षी छाडा छोडेको वा पशुपंक्षि राख्दा वा पाल्दा लापरवाही गरी रुलाई असर पारेको ।

(ज) अरुको आवासमा अनधिकृत प्रवेश गरेको ।

(झ) अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेका ।

(ञ) ध्वनि प्रदूषण गरी फोहोर मैला फ्यांकी छिमेकीलाई असर पारेको ।

(ट) प्रचलित कानुन बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौज्दारी विवाद दफा ४७ (२) मा रहेको छ ।

सोही अनुरुप महानगरपालिकाको न्यायिक समितिको क्षेत्राधिकारभित्र पर्ने विवादमा मेलमिलापको काम भइरहेको छ । त्यसो त मेलमिलाप कार्यक्रमलाई प्रभावकारी बन्दै गए पनि समुदायलाई यस कार्यक्रमको अपनत्व र विश्वास दिलाउन अझै चुनौतिका रुप रहेको छ । झगडालु पक्षको स्वार्थको अडानलाई चिर्न र बुझ्न सक्नुपर्ने मेलमिलापकर्तामा क्षमता हुन जरुरी छ ।

मेलमिलापकर्ताले आफूलाई अब्बल मेलमिलाकर्ताको भूमिका, कानुनी ज्ञानमा अभिवृद्धि गर्नुपर्ने हुन्छ । मेलमिलापकर्ता समयानुकुल जानकारी प्राप्त गर्न सक्ने क्षमता हुनुपर्ने हुन्छ । प्रलोभनबाट पनि टाढा रहन सक्नु पर्दछ । मेलमिलापकर्ताले आफ्नो आचारसंहिता पालना गर्नुपर्नेमा पनि उत्तिकै ध्यान दिन जरुरी रहन्छ । जसले गर्दा सक्षम मेलमिलापकर्ता भएमा मात्र मेलमिलाप कार्यक्रमको प्रभावकारिता बढने देखिन्छ । जसले गर्दा महानगरपालिकाले विवादको समाधान कार्यमा मेलमिलापकर्ताबाट राखेको अपेक्षा समेत पूरा हुने र पक्षहरुले न्याय पाएको महसुस गर्नेछन् ।

*शर्मा वरिष्ठ कानुन अधिकृत/उजुरी प्रशासक हुनुहुन्छ ।*


# फोहोर वर्गीकरण गरेर व्यवस्थापन गरौं।

## ‘फोहोर स्रोत हो, समस्या होइन’

<u>**मल बनाउन सकिने फोहर**</u> : तरकारी तथा फलफूलका बोक्राहरु,उब्रेको खानेकुरा, धुलो कसिंगर, सडेगलेका सागसब्जी, कृषि कार्य गर्दा निस्केको झारपात, रुखका पात स–साना हागाबिगा लगायत कुहिने फोहर मलखादमा राखि मल बनाउन सकिन्छ ।

<u>**बिक्री गरी आम्दानी गर्न सकिने फोहोर**</u> : कागज, कार्टुन, प्लास्टिकजन्य बस्तु -प्लास्टिकको झोला, दुध, घ्यु तथा तेलको प्याकेट र वट्टा) सिसा, फुटेको सिसा, मसीको बोटल, कलम, फलाम , टिना, तामा, पित्तल, आल्मुनियम, जुट तथा प्लास्टिकका बोरा, स्याम्पुका वट्टाहरु, टुथपेस्ट तथा टुथब्रस, फुटेका बाटा तथा बाल्टिन, मिनरल वाटरको बोतल पुराना चप्पल, काम नलाग्ने कपडा आदि वस्तुहरु संकलन गरी बिक्री गरेर आय आर्जन गर्न सकिन्छ ।

<u>**पुनः पयोगमा ल्याउन सकिने फोहोर**</u> : चकलेटको खोलबाट माला वा तोरन बनाउन सकिन्छ । चाउचाउका खोलहरु चकटी बुन्ने, टि म्याट वा अन्य सामान बनाउन प्रयोगमा ल्याउन सकिन्छ ।

<u>**ल्यान्डफिलमा पठाउनुपर्ने फोहोर**</u> : मल बनाउन नसकिने, बिक्री पनि नहुने र पुनः प्रयोगमा आउन नसक्ने फोहोर मात्र ल्यान्डफिलमा पठाउने फोहोर हो ।

**फोहोरमैला व्यवस्थापन सम्बन्धमा सहयोग लिनु परेमा थप कुरा बुझ्नु परेमा वा केही गुनासो भएमा पोखरा महानगरपालिकाको सरसफाइ शाखाको टेलिफोन नं. ०६१–५२८५८५ मा सम्पर्क गर्न अनुरोध छ।**

**पोखरा महानगरपालिका**

# पर्यटन प्रवर्द्धनका लागि पोखरा-भरतपुरबीच सम्झौता

## पोखरामा बन्नेछ ‘भरतपुर मार्ग’



राजधानी बाहिरका दुई ठूला महानगरपालिका पोखरा र भरतपुरले पर्यटन प्रवर्द्धनका लागि सम्झौतासहितको साइनो गाँसेका छन् । पर्यटन मार्फत आपसी भातृत्व प्रदान गर्दै सहयोग आदान प्रदानको प्रतिबद्धता समेत गरेका छन् र

पोखरामा आयोजित एक कार्यक्रममा पोखरा महानगरका मेयर मानबहादुर जिसी र भरतपुर महानगरकी मेयर रेनु दाहालबीच पर्यटन प्रवर्द्धनका लागि १२ बुँदे द्विपक्षीय समझदारी पत्रमा हस्ताक्षर भएको हो । सम्झौताको महत्वपूर्ण सर्तमध्ये पोखरा र भरतपुर महानगरपालिका जोड्ने पृथ्वी राजमार्ग र मुग्लिन-नारायणगढ सडकलाई विशेष सौन्दर्यीकरण गर्ने संयुक्त पहल गर्ने उल्लेख छ । पोखरा महानगरभित्रको एक सडकलाई भरतपुर मार्ग र भरतपुर महानगरभित्रको एक सडकलाई पोखरा मार्ग नामकरण गरिने दुई मेयरबीच हस्ताक्षरित सम्झौतामा उल्लेख गरिएको छ ।

कार्यक्रममा बोल्दै पोखरा महानगरका मेयर मानबहादुर जिसीले भरतपुर महानगरसँगको सम्झौताले आपसी सम्बन्ध थप सुदृढ र सहयोग आदानप्रदानको कडी भएको बताउनुभयो । ‘पर्यटन प्रवर्द्धन सम्बन्धी सम्झौता भएको त छ तर पूर्ण भने छैन,’ उहाँले भन्नुभयो, ‘पोखराबाट कति भरतपुर जान्छन् र भरतपुरबाट पोखरा कति पर्यटक आउँछन त्यसले सम्झौताको अर्थ राख्छ ।’ निर्वाहमुखी पर्यटन व्यवसायले अर्थतन्त्र नथेग्ने बताउँदै मेयर जिसीले पर्याप्त पूर्वाधार विकासमा ध्यान पुऱ्याउनुपर्ने सुनाउनुभयो । आन्तरिक पर्यटकले पनि पर्यटन व्यवसायलाई उकास्न सक्ने हुँदा बाहिरी पर्यटक भनेर मात्रै मुख नताक्न उहाँले आग्रह गर्नुभयो ।

‘पर्यटक आऊ भन्दा पनि आउँछु भन्ने बनाउनु पऱ्यो,’ उहाँले भन्नुभयो । प्रदान गरिने सेवा र त्यसको गुणस्तरीयता कस्तो छ अब पर्यटन व्यवसायलाई प्राथमिकता दिन सबै दत्तचित हुनुपर्ने उहाँको भनाइ थियो ।

भरतपुर महानगरपालिकाकी मेयर रेनु दाहालले दुई सहर पर्यटकीय हिसाबले सुगम गन्तव्य रहेकाले पनि पर्यटन क्षेत्रलाई थप व्यवस्थित गराउन एक अर्काको सहयोग आवश्यक पर्ने बताउनुभयो । ‘यसअघि पनि दुई सहरबीच सिस्टर सिटीको सम्बन्ध स्थापित थियो । आगामी नेपाल भ्रमण वर्ष २०२० लाई मध्यनजर गर्दै सम्झौता स्थापित गर्ने चरणमा आएका हौं,’ उहाँले भन्नुभयो ।

भरतपुर महानगरले पर्यटन क्षेत्रलाई उत्तिकै प्राथमिकतामा राखी वार्षिक कार्यक्रम मार्फत् योजना बनाई अघि बढेको मेयर दाहालले बताउनुभयो । ‘२७ वटा ठाउँलाई भरतपुरले आफ्नै पर्यटकीय गन्तव्यको पहिचान गरेको छ । जुन आन्तरिक तथा वाह्य पर्यटकका लागि आकर्षण बनिरहेका छन्’ दुवै महानगरपालिकाबीच विकासका आफ्ना सफल र असफल अभ्याससहरुबाट प्राप्त सिकाइ आदानप्रदानको अभ्यास गर्न पनि समझदारीले सहयोग पुग्ने उहाँको भनाइ छ ।

पर्यटन गुरुयोजना, आवधिक योजना, विषयगत योजना, वार्षिक बजेट तथा कार्यक्रमहरु, नीति, निर्देशका, कार्यविधि एवं अन्य प्रकाशनहरुको आदानप्रदानले कार्यसम्पादनमा सहज हुने विश्वास लिइएको छ । सञ्चालन भइरहेका हवाइ सेवा तथा सडक सेवालाई अझ विस्तार र सुदृढ गराइने सम्झौतामा जनाइएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धन र भ्रमणका कार्यक्रमहरुलाई संयुक्त रुपमा अगाडि बढाइने, एकअर्काको वेबपेजमा लिन्केज गर्ने, विशेष कार्यक्रमहरुमा आमन्त्रण गर्ने, प्राकृतिक सम्पदाहरुको संरक्षणमा सहकार्य गर्ने, पर्यटन अनुकुल वातावरण बनाउन प्लास्टिक झोला, सूर्तिजन्य पदार्थ, बोत्तल आदिबाट मुक्त क्षेत्र घोषणा गर्दै जाने नीति अवलम्बन गर्ने हस्ताक्षरित सम्झौतामा उल्लेख छ ।

दुवै सहर पर्यटकीय गन्तव्यका लागि उत्कृष्ट रहेको औंल्याउँदै महानगरबीच आगामी ५ वर्षका लागि द्विपक्षीय समझदारी भएको हो । समझदारी पत्रमा साक्षीको रुपमा नेपाल पर्यटन बोर्डका सदस्य विप्लव पौडेलले हस्ताक्षर गर्नुभएको छ । कार्यक्रममा महानगरको परिचय झल्किने भिडियो सामग्री समेत प्रस्तुत गरिएको थियो ।

*कात्तिक २२ (देश सञ्चार डटकम)*

# न्यायको अनुभूति गराउँदै न्यायिक समिति



श्याम र शर्मिलाले ३ वर्षअघि प्रेम विवाह गरे । बिहे गरेको केही समयमै उनीहरुबीच खटपट सुरु भइहाल्यो । दैनिकजसो कलह भएपछि छुट्टिने निर्णय गरे, आपसी समझदारीमा । न्यायिक समिति क्षेत्राधिकारभित्र भने सम्बन्ध बिच्छेदको मुद्दा पर्दैन । तर उजुरीकर्ता नजिकको सरकारको शरणमा न्यायको आशा राखेर पुगेपछि न्यायिक समितिलाई त्यसलाई 'मेलमिलाप' प्रकृतिका आधारमा उजुरी लियो ।

न्यायिक समितिले छनोट गरेका मेलमिलापकर्ताबाट दुवैले परामर्श लिए । न्यायिक समितिबाट विवाद सल्टाउने र नसके अदालत पुगेरै भएपनि छुट्टिने निर्णय गरिसकेका उनीहरुलाई मेलमिलापकर्ताले मिलाइदिएका छन् । घरायसी विवादले सम्बन्ध बिच्छेद्सम्म पुगेका उनीहरु मेलमिलापकर्ताको सहारा लिएपछि अहिले सँगै बस्छन् ।

सुरक्षाकी आमा २ वर्षअगाडि बितिन् । आमा बितेपछि उहाँका बाबुले दोस्रो बिहे गर्नुभयो । कान्छी आमाले उहाँलाई दिनदिनै गाली गर्ने र खान लाउन पनि दिन छाड्नुभयो । घरमा बस्नै नसकेपछि उहाँ अर्का छिमेकीलाई यो कुरा बताउनुभयो ।

छिमेकीले उहाँलाई पोखरा महानगरपालिकाको न्यायिक समितिसम्म पुऱ्याइदिए । महानगरमा न्यायिक समिति गठन भइसकेको भएपनि ऐन, नियम र निर्देशिका कुर्दा कुर्दै कामले गति लिन सकेको थिएन । उजुरी मेलमिलापसँग सम्बन्धित थियो । तर समितिले मेलमिलापकर्ता छनोट गरिसकेको थिएन । सुरक्षाले उजुरी दर्ता गरेको करिब ६ महिनापछि न्याय पाउनुभयो ।

**रोग र ऋण लागेको भन्दा मुद्दा व्यक्तिलाई खतरनाक हुने**

'न्यायिक समितिले दुवै पक्षलाई मिलाई छोरीलाई कोठामा राख्ने व्यवस्था र समयमै माना चामल भराउने सहमति गराएको छ,' मेलमिलाप केन्द्र सहजकर्ता सदस्य सचिव सोमनाथ लम्सालले भन्नुभयो, 'मेलमिलापमा कुरा नटुंगिएको भए यो विवाद अदालतमा पुग्ने थियो । त्यसले झनै समस्या निम्तिन पनि सक्थ्यो ।'

महानगरले स्थानीय तह निर्वाचन भएको करिब डेढ वर्षपछि २०७५ मंसिर २ गते मेलमिलापकर्ता छनोट गऱ्यो । न्यायिक समितिमा आएका विवाद सल्टाउन तथा उजुरीकर्ता र प्रतिवादी पक्षको मन मिलाउन ८८ जना मेलमिलापकर्ता छनोट गरेको छ । ती मेलमिलापकर्तालाई महानगरले ४८ घन्टे तालिम दिएर जिम्मेवारी सुम्पिसकेको छ । तिनै तालिम प्राप्त मेलमिलापकर्ताले अहिले न्यायिक समितिमा आएका विवादलाई परामर्शबाटै सुल्झाउने प्रयास गरिरहेका छन् ।

घरायसी झगडा, साँध सिमाना विवाद, गाली बेइज्जतीलगायत मुद्धा न्यायिक समितिमा धेरै आउने गरेका छन् । त्यसमध्ये फाटफुट सम्बन्धबिच्छेदका उजुरी पनि आउने गरेको मेलमिलापकर्ता सदस्य सचिव सोमनाथ लम्सालले बताउनुभयो ।

'न्यायिक समिति गठन भएको वर्ष सम्बन्ध बिच्छेदका उजुरी धेरै आए,' लम्सालले भन्नुभयो, 'तर अघिल्लो आर्थिक वर्षमा एउटा मात्रै उजुरी आयो । अहिले पुरुषले पनि सीधै अदालतमा गएर उजुरी दिन पाउने भएकाले पनि यहाँ कम भएको हुन सक्छ ।'

समितिमा ३८ वटा विवाद उजुरी परे । आएका उजुरीमध्ये ३२ वटा उजुरीमात्रै न्यायिक समितिले दर्ता गर्‍यो । '६ वटा उजुरी क्षेत्राधिकार बाहिरका थिए । ती मुद्दा दरपीट भए,' उजुरी प्रशासक नारायण शर्माले भन्नुभयो,'आएका उजुरीमध्ये १९ वटा विवाद न्यायिक समितिले सुल्झाइसकेको छ ।' उहाँले सुल्झेका प्राय मुद्दा मेलमिलापकर्ताले नै मेलमिलाप गराएर पठाइदिएको जानकारी दिनुभयो ।

शर्माले समितिमा निवेदन दिनेमा पुरुषभन्दा महिला बढी रहेको जानकारी दिनुभयो । न्यायिक समितिले सुल्झाउन नसकेका ३ वटा मुद्दा अदालतमा पठाइसकेको र हाल प्रक्रियामा रहेको उहाँले बताए । 'न्यायिक समितिका अहिले ४ वटा विवाद चलिरहेको छ,' उहाँले भन्नुभयो ।

## सम्बन्धविच्छेदको प्रमाण दिन पाए हुन्थ्यो

न्यायिक समिति क्षेत्राधिकारभित्र सम्बन्ध बिच्छेदको मुद्दा नपरे पनि कोही मेलमिलापबाटै सम्बन्धबिच्छेद गरिपाऊँ भन्दै आउने गरेका छन । 'कुनै निवेदन कानुन बमोजिम सम्बन्धबिच्छेद गरिपाऊँ भन्दै आउँछन् । ती निवेदनलाई हामीले सामान्य परामर्शपछि सम्बन्धित निकायमा पठाउने गरेका छौं,' न्यायिक समिति संयोजक समेत रहनु भएकी महानगरपालिकाकी उपमेयर मञ्जुदेवी गुरुङले भन्नुभयो, 'तर, कतिपय निवेदन आपसी सम्बन्धबाटै छुट्टिन आउने हुन्छन् । ती उनीहरुलाई हामी प्रमाण दिन मिल्दैन । अदालतमा पुग्दा समस्या झनै बढेर आउँछ ।'

गुरुङले आपसी समझदारीमा छुट्टिन चाहनेलाई न्यायिक समितिले नै कुनै प्रमाण दिन पाए सजिलो हुने बताउनुभयो । 'मेलमिलापबाटै सुल्झिएका विषयलाई प्रमाणित गर्न हामीलाई अधिकार छैन । त्यो प्रमाणित गर्न अदालतै पुग्नुपर्छ । त्यसले विवाद झनै बढ्ने देखिन्छ,' उहाँले भनिन, ' हामीले नै प्रमाण दिन पाउने भए त्यस्ता विवाद बढ्दैन्थे ।'

गाउँपालिकामा उपाध्यक्ष वा नगरपालिका उपप्रमुखको संयोजकत्वमा ३ सदस्यीय न्यायिक समिति रहने व्यवस्था छ । जसअनुसार पोखरा महानगरमा अहिले उपमेयर गुरुङसहित वडा-७ का सदस्य किशोर बराल र वडा-१४ का सदस्य पार्वती कार्की हुनुहुन्छ । (अनलाइन खबर डटकम)

## न्यायिक समिति हितकर : मुख्यन्यायाधीश बस्याल

उच्च अदातल पोखराका मुख्य न्यायाधीश यज्ञप्रसाद बस्यालले न्यायलयमा दर्ता हुने मुद्दा नेपाली समाजको ऐना भएको बताउनु भएको छ । पोखरा महानगरपालिकाको न्यायिक समितिले पोखरामा आयोजना गरेको नयाँ सूचीकृत मेलमिलापकर्ताको सपथ ग्रहण तथा अभिमुखीकरण कार्यक्रममा बोल्दै उहाँले नेपाली समाजको अवस्थाको प्रतिविम्ब मुद्दा हुन भन्नुभयो । 'समाजको ऐना मुद्दा हुन, त्यसमा समाजको अवस्था प्रतिविम्बीत हुन्छ ।' उहाँले संघीयताको मर्म अनुसार नेपालको संविधानमा न्यायिक समितिको व्यवस्था गरिएको बताउँदै भन्नुभयो, 'नेपाली समाजका लागि न्यायिक समितिको व्यवस्था धेरै हितकर छ ।'

उहाँले मुद्दाको अन्तिम अवस्था नहुने बताउँदै रोग र ऋण लागेको व्यक्ति भन्दा मुद्दा खतरनाक हुने बताउनुभयो । रोग, ऋण र मुद्दामा मुद्दा खतरनाक रहेछ उहाँले भन्नुभयो, मुद्दाले व्यक्तिको हरेक क्षेत्रलाई प्रभावित पार्ने बताउनुभयो । उहाँले मेलमिलापको महत्व रहेको बताउँदै मेलमिलापकर्मी इमान्दार, निस्वार्थी आचारणको हुनुपर्नेमा जोड दिनुभयो । उहाँले अदालत भन्दा न्यायिक समिति फरक रहेको बताउँदै मेलमिलापले सबैको फाइदा हुने बताउनुभयो । मुख्य न्यायाधीश बस्यालले अदातलमा न्याय नमर्ने बताउँदै पीडितले ढिलोचाडो न्याय पाउने बताउनुभयो । उहाँले न्याय नमर्नका लागि प्रमाण बलियो हुनुपर्नेमा जोड दिनुभयो ।

उहाँले कानुनको ज्ञान र विधि शास्त्र बुझ्नुपर्नेमा जोड दिँदै आचारसंहिता पालना गर्नुपर्ने बताउनुभयो । उहाँले अदातलमा भनसुन र दबाब आउने बताउँदै त्यसको सामाना गर्दै न्याय मर्न नदिने भन्ने विषयमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले स्थानीय तहमा मुद्दा मिले अदातलमा कमी हुने भएकाले तल्लो तहबाटै मेलमिलापबाट समाधान गर्न सके राम्रो हुने उल्लेख गर्नुभयो ।

पोखरा महानगरका प्रमुख मानबहादुर जिसीले फाटेका, च्यात्तिएका नागरिकका मनलाई सिलाउने काम मेलमिलाप कर्ताको भएको बताउनुभयो । न्यायबाट कोही वञ्चित नभएको महसुस नहोस भनेर मेलमिलापकर्ताको अवधारणा ल्याएको बताउनुभयो । मेलमिलापकर्ताले कसैको पक्ष र विपक्षमा नगाली विवाद समाधान गर्नुपर्नेमा जोड दिनुभयो । मेलमिलापकर्ता र जनप्रतिनिधि बीचको सम्बन्ध सुमधुर हुनुपर्नेमा त्यस्तो हुन नसकेको उल्लेख गर्नुभयो ।

महानगर न्यायिक समितिका संयोजक एवं उपप्रमुख मञ्जुदेवी गुरुङले समाजलाई विवाद रहित बताउँदै मेलमिलाप मार्फत शान्ति र सद्भाव कार्यम राख्न मेलमिलापकर्ताको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । समाजमा सुशासन, शान्ति स्थापना गर्ने भावनाले प्रभावित भएर मेलमिलापकर्तामा सूचिकृत हुनुभएको छ,' उहाँले भन्नुभयो,' मेलमिलापकर्ताको मर्म र भावना अनुसार काम गर्नुपर्छ ।' महानगर न्यायिक समितिका सदस्य किशोर बरालले पोखरा महागनरपालिकाले गत वर्ष ८८ जना मेलमिलापकर्ता छनोट गरेर दश वडामा मेलमिलाप केन्द्र स्थापना गरेको र यस वर्ष नयाँ ८४ जना मेलमिलापकर्तालाई ८ दिनको आधारभूत तालिम दिएर सूचिकृत गरेको जानकारी दिनुभयो । उहाँका अनुसार महानगरमा १ सय ७४ जना मेलमिलापकर्ता सूचिकृत भएका छन् । *पोखरा कात्तिक ३*

# अमरसिंहमा 'स्मार्ट' शौचालय

पोखरा १२ रहेको अमरसिंह चौर एउटा व्यस्त चौर पनि हो । ठूलो मैदान भएकाले त्यहाँ व्यापार महोत्सवदेखि विभिन्न शारीरिक व्यायाम गर्नेको दैनिक ठूलो भीड लाग्छ । तर, त्यही व्यस्त चौरमा एउटा पनि सार्वजनिक शौंचालय नहुँदा समस्या थियो ।

तर, सार्वजनिक शौंचालय नभएकै कारण अब अमरसिंह चोकमा समस्या हुने छैन । पोखरा महानगरले अमरसिंह चोकमा सार्वजनिक शौचालय मात्रै बनेको छैन 'स्मार्ट' सेन्सरजडित प्रविधियुक्त शौंचालय बनाएको छ । महानगर प्रमुख मानबहादुर जिसीले शौंचालयको उद्घाटन गर्नुभएको छ । पोखरा महानगर, रोटऱ्याक्ट क्लब, लायन्स क्लब, अमरसिंह व्यापार, व्यवसाय समितिको संयुक्त लगानीमा शौंचालय बनेको हो ।




मेयर जिसीले शौंचालयको उद्घाटपछि महानगरमा व्यवस्थित शौंचालय बनाउन सुरु गरेको बताउनुभयो । 'महानगरभित्र सार्वजनिक शौंचालय नबनेका होइनन् । तर, व्यवस्थित गर्न नसक्दा प्रयोगविहीनजस्तै बनेका छन्,' उहाँले भन्नुभयो 'अब सबै सार्वजनिक शौंचालयलाई व्यवस्थित गर्न लागेका छौं ।'

करिब २६ लाख रुपैंयाँमा बनेको शौंचालय सेन्सरजडित छ । शौंचालयमा बालमैत्री, महिलामैत्री र अपांगमैत्री छ । अमरसिंह चौरमा साना तथा ठूला कार्यक्रम भइरहने तर सार्वजनिक शौंचालय अभावकै कारण भोग्नुपर्ने समस्याको समाधान भएको उपभोक्ता समिति अध्यक्ष ओमप्रसाद सुवेदीले दाबी गर्नुभयो ।

'यहाँ कार्यक्रम भइरहन्छन् । कार्यक्रममा आउने मान्छेहरु शौंचालय नभएकै कारण समस्यामा पर्थे,' सुवेदीले भन्नुभयो, 'अहिले बनेको यो शौंचालय महानगरको मापदण्ड अनुसार नै बनेको छ । अब कोही शौंचालय नभएर समस्यामा पर्नुहुने छैन ।' उहाँले शौंचालयको बाहिर 'स्लेप' बनाउन बाँकी रहेको र त्यसका लागि ६ लाख रुपैंयाँ विनियोजन भइसकेको जानकारी दिनभयो । शौंचालयमा पानी, बत्तीको पर्याप्त व्यवस्था छ । जुन स्वाचलित छन् । पुरुष, महिला, अपांग र बालबालिकाका लागि छुट्टाछुट्टै ठाउँ बनाइएको छ । धारा पनि स्वचालित छ ।

अमरसिंह चोकको एउटा मात्रै 'स्मार्ट शौंचालय' भने होइन । यसबाहेक पोखराको मालपोत कार्यालयभित्र, सराङकोट भकुन्डे, ठूली पोखरी, सहिदपार्कमा प्रविधि र अपांगमैत्री स्मार्ट शौंचालय बनेका छन् ।

पोखराकै दोबिल्ला पार्कमा पिकनिकमा रमाउन जानेहरुको ठूलै घुइंचो लाग्छ । उक्त ठाउँमा शौचालय नहुँदा भने समस्या छ । महानगरले यसै आर्थिक वर्षमा दोबिल्ला पिकनिक पार्क, मिलनचोक, राखीडाँडा, रत्नशोभा मावि माझठाना लगायत ठाउँमा समेत शौंचालय बनाउने प्रक्रिया अघि बढाइसकेको महानगरले जानकारी दिएको छ ।

*पोखरा, २३ कात्तिक (समाधान दैनिक)*

# ७ मोटरेबल पुल बनाउँदै महानगर

• मन क्षेत्री

पोखरा महानगरपालिकाले आर्थिक वर्ष २०७६/०७७ मा महानगरका विभिन्न स्थानमा मोटरेबल पुलको निर्माण सुरु गरेको छ । ग्रामीण वडालाई केन्द्रसँग जोड्ने कनेक्टिङ रोड तथा आवश्यकता अनुरुप माग भएका अन्य विभिन्न स्थानमा गरी महानगरले ७ वटा मोटरेबल पुलको निर्माण सुरु गरेको पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो,' विटकलाई निकट ल्याउन र आवश्यक भएको ठाउँमा महानगरको आफ्नै लगानीमा पुल निर्माणको काम थालेका हौं।'

मोटरेबल पुल अन्तर्गत भोटीखोला मोटरेबल पुल, पोखरा-१९ को ५० प्रतिशत कार्य सम्पन्न भइसकेको इन्जिनियर धुव्र भट्टराईले जानकारी दिनुभयो । २०७६ भदौ ५ गते गीता कन्ट्रक्सन स्याङ्जासँग सम्झौता भई निर्माणको क्रममा रहेको उक्त पुलको लम्बाइ २५ मिटर तथा चौडाइ ८.४ मिटर छ । २ करोड ३८ लाख ५५ हजार ३ सय ३९ रुपैंयाँ कुल लागतमा निर्माण हुने पुल २०७७ मंसिरमा सम्पन्न भइसक्नेछ । त्यस्तै गरी, घोरकुना मोटरेबल पुल, पोखरा-१६ को निर्माण कार्य करिब ५५ प्रतिशतले सम्पन्न भएको छ । घोरकुना मोटरेबल पुललाई फेवा पिएलजेभी पोखराले निर्माण गरिरहेको भट्टराईले जानकारी दिनभुयो । २५ मिटर लम्बाइ तथा ८.४ मिटर चौडाइमा बन्दै गरेको पुलको लागत ३ करोड ३० लाख ३१ हजार ३ सय २५ रुपैंया छ । सो पुल समेत २०७७ मंसिरभित्र सम्पन्न हुने महानगरका इन्जिनियर राजु रेग्मीले जानकारी दिनुभयो ।

पोखराको फिर्केमा समेत मोटरेबल पुलको निर्माण कार्य सुरु भएको छ । १५ मिटर लम्बाइ तथा ११ मिटर चौडाइ रहने उक्त पुलका लागि शान्ति आरोग्य जेभी ललितपुरसँग २०७६ भदौ १ गते सम्झौता भएको हो । ४ करोड ५५ हजार ८ सय ३ रुपैंयाँ लागतमा बन्दै गरेको सो पुल समेत अर्को आर्थिक वर्ष भित्र सम्पन्न भइसक्नेछ ।

पोखरा महानगरपालिका-२० मा बन्दै गरेको सानी खोला मोटरेबल पुलको निर्माणतर्फ ५ प्रतिशतले भौतिक प्रगति भएको २० का वडा अध्यक्ष सिम गुरुङले बताउनुभयो । ऐना निर्माण सेवा प्रालिले २०७६ पुष २३ गते सम्झौता गरी निर्माण सुरु गरेको पुल आगामी आर्थिक वर्षको माघसम्म सम्पन्न भइसक्नेछ । पोखरा-२८ मा निर्माण सुरु भएको स्याङखुदी मोटरेबल पुल तथा पोखरा-३१ मा निर्माण भइरहेको खोलावेशी मोटरेबल पुल समेत अर्को आर्थिक वर्षको पुषसम्म सम्पन्न भइसक्नेछन् । कुल १६ मिटर लम्बाइ तथा ८.४ मिटर चौडाइ रहेको खोलावेशी मोटरेबल पुललाई कश्यप निर्माण सेवा, कलंकीले निर्माण गर्दैछ ।

| सि. नं. | सडक पुल | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्झौताको अंक | निर्माण व्यवसायी | वित्तीय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|
| १ | भोटिखोला मोटरेबल पुल, पोखरा-१९ | २०७६/०५/०५ | २०७७/०८/०२ | २३,८५५,३३९.६० | श्री गीता कन्स्ट्रक्सन, स्याङ्जा | ४०.००५ | ५०.००५ |
| २ | घोरकुना मोटरेबल पुल, पोखरा/१६ | २०७६/०५/०३ | २०७७/०८/०५ | ३३,०३१,३२५.२० | फेवा-पि.एल.जेभी, पोखरा | ४०.००५ | ५५.००५ |
| ३ | फिर्के खोला मोटरेबल पुल, पोखरा-४,५ | २०७६/०५/०१ | २०७७/०८/०५ | ४०,०५५,८०३.७० | शान्ति आरोग्य जेभी, ललितपुर | ०.००५ | २.००५ |
| ४ | सानी खोला मोटरेबल पुल, पोखरा-२० | २०७६/०९/२३ | २०७७/१०/०३ | ३०,२७५,५४९.८६ | अईना निर्माण सेवा, पोखरा-१७ | ०.००५ | ५.००५ |
| ५ | स्यांगखुंदी मोटरेबल पुल, पोखरा-२८ | २०७६/०९/२८ | २०७७/०९/०५ | २७,५९७,९८३.६७ | श्री गीता कन्स्ट्रक्सन, स्याङ्जा | ०.००५ | ०.००५ |
| ६ | खोलाबेशी मोटरेबल पुल, पोखरा-३१ | २०७६/०९/२९ | २०७७/०९/०५ | २१,२००,६१२.८६ | कश्यप निर्माण सेवा, कलंकी | ०.००५ | ०.००५ |
| ७ | बगादी खोला (आवासनगर पुल) मोटरेबल पुल, पोखरा-२७ | २०७६/१०/०९ | २०७७/१०/०९ | ३०,३८६,६६८.६४ | श्री गीता-सावित्री जे.भी., पोखरा | ०.००५ | ०.००५ |
| ८ | सिर्जना चोक आकाशे पुल, पोखरा-८ | २०७६/०२/०५ | २०७७/०४/२७ | २२,१६७,५६०.४१ | KM/JBNS/Pokhara जे.भी., पोखरा-१७ | ०.००५ | ८.००५ |

# भोटीखोला पुलको शिलान्यास

पोखरा महानगरपालिका वडा नम्बर १९ को भोटीखोलामा मोटेरेबल पुल बन्ने भएको छ । साविक लामाचौर र पुरनचौर गाविसको सिमानामा पर्ने भोटीखोलामा निर्माण हुने पुलको शिलान्यास गरिएको छ । लामाचौर–माछापुच्छ्रे ग्रामीण सडक अन्तर्गत पर्ने उक्त पुलेको पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीले शिलान्यास गर्नुभयो ।

पुल शिलान्यास कार्यक्रममा बोल्दै प्रमुख जिसीले जनताले करको तिरबाट नै महानगरले पुल बनाउन लागेको बताउनुभयो । 'महानगरले ढाड सक्ने गरी कर उठायो भन्ने गुनासो सुनिन्छ,' प्रमुख जिसीले भन्नुभयो,'जनताले तिरेको करबाट संकलित रकमलाई महानगरले विकास निर्माण लगायतमा खर्च गरेको छ ।' कर सही ढंगले सहुपयोग भएको छ कि छैन जनताले चाँसो दिनुपर्ने र दुरुपयोग भए खबरदारी गर्ने दायित्व नगरवासीको भएको उहाँले बताउनुभयो ।



पोखरा १९ भोटी खोलामा निर्माण हुने पुलको शिलान्यास गर्दै पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसी।

पुल निर्माणको काममा गुणस्तर कायम गर्न कुनै सम्झौता नगरिने बताउँदै प्रमुख जिसीले जनताले तिरको करबाट नै महानगरले पुल निर्माण गर्न लागेकाले पुल निर्माणमा निगरानी गर्न स्थानीय जनतालाई आग्रह गर्नुभयो । पुल निर्माणलाई त्यहाँका स्थानीय बासिन्दाको आर्थिक उपार्जनसँग जोडेर हेर्नुपर्ने समेत प्रमुख जिसीको भनाइ छ । महानगरपालिकाले यस वर्ष ७ वटा पुल निर्माणको कामलाई अगाडि बढाउने उहाँले जानकारी दिनुभयो ।

शिलान्यास कार्यक्रममा पोखरा महानगरपालिका इन्जिनियर ध्रुव भट्टराईले २५ मिटर लम्बाइ र साढे सात मिटर चौडाइको आरसीसी पुल निर्माण हुने बताउनुभयो । उहाँका अनुसार पोखरा महानगरपालिकाले उक्त पुल निर्माणको लागत अनुमान २ करोड ९२ लाख ९७ हजार अनुमान गरेकोमा श्री गीता कन्स्ट्रक्सन स्याङ्जाले २ करोड ३८ लाख ५५ हजारमा काम सक्ने गरी सम्झौता गरेको छ ।

निर्माण कम्पनीसँग गत भदौ ५ गते सम्झैता गरिएको छ भने २०७७ मंसिरमा सम्पन्न गर्ने समयसिमा तोकिएको छ । निर्माण कम्पनीका राजेश मल्लले तोकिएको समय भन्दा अगाडि नै पुल निर्माण गरिसक्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । पुल निर्माणपछि साविक लामाचौर, पुरनचौर र माछापुच्छ्रे, सार्दीखोला, करुवा लगायतका क्षेत्रका बासिन्दा लाभान्वित हुनेछन् ।

पोखरा १९ का वडा अध्यक्ष शोभामोहन पौडेलको विकासले गतिलिएको बताउँदै वडामा पनि आवश्यक पूर्वाधार निर्माण गर्न महानगर लागि परेको बताए । कार्यक्रममा नेकपा वडा कमिटी १९ अध्यक्ष विष्णु गौतम, वडा नम्बर १९ का वडा सदस्य कृष्ण गौतम र वडा सदस्य कोपिला केसीले विकास निर्माण र पुलको बारेमा बोल्नुभएको थियो ।

*पोखरा, ७ कात्तिक*

## चिनियाँ राजदूत र प्रमुख जिसीबीच भेटवार्ता

# पोखरामा लगानी गर्ने चिनियाँ नागरिक इच्छुकः राजदूत

नेपालका लागि चिनियाँ राजदूत होउ यान्छी र पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीबीच भेटवार्ता भएको छ। भेटका क्रममा राजदूत होउले पोखरा सुन्दर सहर रहेको बताउनुभयो। नेपाल भ्रमण वर्षमा चीनबाट धेरै पर्यटक पोखरा आउने विश्वास उहाँले भेटका क्रममा व्यक्त गर्नुभयो। उहाँले चिनियाँ पर्यटकको सुरक्षा ग्यारेन्टी र आपतकालीन सहयोग सहायता कक्ष निर्माण गर्न समेत सुझाव दिनुभयो।



## लगानीमैत्री वातावरण बनाएका छौं - प्रमुख जिसी

उहाँले पोखराको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल नेपालको गौरवको आयोजना भएकाले यसलाई चाडै सम्पन्न गर्न स्थानीय सरकारले पनि सहयोग गर्नुपर्ने भनाइ राख्नुभयो। 'चिनियाँ नागरिक गण्डकी प्रदेश र पोखरामा लगानी गर्न इन्छुक छन्,' उहाँले भन्नुभयो,' लगानीको वातावरण बनाउन म, आग्रह गर्दछु।'

पोखरामा तब्बतियन नागरिक भएकाले एक चीन नीतिमा सहयोग गर्न समेत उहाँले आग्रह गर्नुभयो। पोखरा विश्वविद्यालय र चिनका विश्वविद्यालय बीचमा सम्बन्ध विस्तार गर्न आफूहरु उत्साहित भएको उहाँको भनाइ छ। उहाँले भेटका क्रममा स्थानीय जनप्रतिनिधिलाई चिन भ्रमणको निमन्त्रणा समेत गर्नुभएको छ।

भेटका क्रममा पोखरा महानगरपालिकाका मेयर जिसीले चिन सरकारको लगानीमा पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बन्दै गरेकाले चिनिया कम्पनीलाई सहयोग गरिरहेको र भविश्वमा पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। नेपाल बेजिङ हवाइ सेवा सुरु भएकाले नेपालसँगै पोखरा पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास जिसीको छ।

राजदूतले चाँसो व्यक्त गरेको तिब्बतियन शरणार्थी बारेमा मेयर जिसीले पोखरामा तिब्बतियन शरणार्थी भएपनि चिन विरोध गतिविधि हुन नदिने र त्यसप्रति सजग रहेको जानकरी गराउनु भएको थियो। 'चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणले हामीलाई थप हौसल प्रदान गरेको छ', मेयर जिसीले भन्नुभयो,'चिनियाँ भाषाको तालिम प्रदान गरी पोखरामा चिनियाँ पर्यटक मैत्री वातावरण हामीले तयार गरेका छौं।' भ्रमण वर्षमा धेरै चिनियाँ पर्यटक नेपाल र पोखरा आउने वातावरण बनाइदिन राजदूतलाई मेयर जिसीले आग्रह समेत गर्नुभएको थियो।

पोखराले पोलिटेक्निक इन्स्टिच्युट सञ्चालन गर्ने तयारी गरेकाले चिनियाँ भाषा कक्षा सञ्चालन गर्न साझेदारीको लागि मेयर जिसीले राजदूतलाई अनुरोध गर्नुभयो। 'पोखरामा लगानी मैत्री वातावरण बनेको छ,'मेयर जिसीले भन्नुभयो,'लगानीको लागि चिनियाँ नागरिकलाई अनुरोध गर्दछौं र सुरक्षाको पनि ग्वारेन्टी गर्दछौं।' चिनियाँ राजदूत ३ दिने पोखरा भ्रमणमा आउनु भएको थियो।

*पोखरा, ३ मंसिर*

# सहकारीको प्रोफाइल तयार

पोखरा महानगरपालिकाले पोखरामा कार्यक्षेत्र भएका सहकारीहरुको प्रोफाइल तयार गरी सार्वजनिक गरेको छ । सहकारीको आधारभूत जानकारी समेटिएको प्रोफाइलको पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले सोमबार विमोचन गर्नुभयो ।

कार्यक्रममा बोल्दै प्रमुख जिसीले सहकारीलाई व्यवस्थित गर्न महानगरले पहिलो प्रयत्न स्वरुप प्रोफाइल तयार गरेको बताउनुभयो । उहाँले सहकारीमा देखिएका विकृति, विसंगतिलाई न्यूनीकरण गर्दै व्यवस्थित बनाउन एकै ठाउँबाट सहकारीको अनुमगन गर्ने पद्धति निर्माण गर्न महानगर लागि परेको बताउनुभयो । आर्थिक समृद्धि हासिल गर्न सहकारीको महत्वपूर्ण भूमिका हुने बताउँदै प्रमुख जिसीले सहकारीले उत्पादनशील र उद्यममा लगानी गर्नुपर्ने बताउनुभयो ।

सहकारीको मात्र नभई अन्य क्षेत्रको पनि प्रोफाइल बनाउने योजना महानगरले बनाएको उहाँले बताउनुभयो । 'गैर सरकारी संस्थाले पोखरामै करोडौं खर्च गरेर काम गरेको सुनिन्छ,' प्रमुख जिसीले भने, 'तर, कति गैर सरकारी संस्थाले पोखरामा काम गरेका छन्, बजेट कति हो, त्यो थाहा पाउन सकिएको छैन, त्यस बारेमा पनि महानगरले अध्ययन गर्ने योजना बनाएको छ ।' गैरसरकारी संस्थाको काम र बजेटलाई पारदर्शी बनाउनेतर्फ महानगरले कदम चाल्ने उहाँको भनाइ छ ।

कार्यक्रममा पोखरा महानगरपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत तथा सहकारी दर्ता अधिकारी गंगालाल सुवेदीले सहकारीको नाम, ठेगाना, सञ्चालक समितिको अध्यक्षको नाम, शेयरपुँजी लगायतको आधारभूत जानकारी प्रोफाइलमा समेटिएको जानकारी दिनुभयो । उहाँका अनुसार विषयगत सहकारी र वडागत रुपमै सहकारीको विवरण यसमा राखिएको छ ।

पोखरा महानगर सहकारी समितिका अध्यक्ष तेजनारायण अधिकारीले ३ सय ४३ वटा सहकारीको विवरण प्रोफाइलनमा समेटिएको बताउनुभयो । उहाँ अनुसार गत असारसम्म दर्ता भएका सहकारीको विवरण प्रोफाइलनमा समेटिएको हो । अधिकारीले पोखरा कार्य क्षेत्र भएका सहकारीको संख्या ३ सय ५७ भएको जानकारी दिनुभयो । सहकारी दर्ताको अधिकार स्थानीय तहमा आएपछि महानगरमा ४१ वटा सहकारी दर्ता भएका छन् ।

अध्यक्ष अधिकारीले प्रोफाइलनमा समेटिएको विवरण संक्षिप्त भएकाले आगामी दिनमा यसलाई परिमार्जित गरिने बताउनुभयो । जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष रविरमण तिवारीले सहकारीको प्रोफाइलले सहकारीलाई व्यवस्थित गर्न सहयोग पुग्ने बताउनुभयो । प्रोफाइल तयार पारेकोमा महानगरलाई धन्यवाद दिँदै उहाँले महानगर र जिल्ला सहकारी संघबीच समन्वय आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा पत्रकार महासंघ कास्कीका अध्यक्ष दीपेन्द्र श्रेष्ठले समृद्धिको यात्रालाई पूरा गर्न सहकारीको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । उहाँले सहकारीले व्यापार, व्यवसाय र नाफामा भन्दा पनि उत्पादन र उद्यमलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो । कार्यक्रममा सहकारी शाखाका अधिकृत अर्जुन नेउपानेले पनि शाखाले गर्दै आएका कामको बारेमा बोल्नुभएको थियो । *पोखरा, २३ मंसिर*



# बेलायत र पोखराबीच सम्झौता




पोखरा महानगरपालिका र बेलायतको अन्तर्राष्ट्रिय विकास मन्त्रालय (डिएफआइडी) बीच नेपाल सहरी उत्थानशीलता परियोजना (एनयुआरपी) सञ्चालन सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

पोखरा महानगरपालिकाको सभाहलमा आयोजित कार्यक्रममा पोखरा महानगरका प्रमुख मानबहादुर जिसी र बेलायतको डिएफआइडीको तर्फबाट उत्थानशीलता तथा समावेशीता टोली प्रमुख साइमन लुकासले हस्तारक्ष गर्नुभयो । यो परियोजनाको मुख्य उद्देश्य आर्थिक वृद्धि र अवसरहरुलाई समन्यायिक वितरणमा सहयोग पुऱ्याउने रहेको छ । सक्षम संस्था र दीगो विकासको माध्यमबाट भविश्यमा आइपर्ने चुनौतीहरुलाई सहजतापूर्वक व्यवस्थापन गर्न परियोजनाले सघाउन पुऱ्याउने विश्वास महानगरले लिएको छ ।

विशेष गरी आर्थिक रुपमा पोखरालाई समृद्ध, सुसंस्कृत र आधुनिक सहर निर्माणमा यो परियोजनाले प्राविधिक रुपमा सहयोग गर्ने सम्झौता पत्रमा लेखिएको छ । सम्झौता भएको मितिले ४ वर्ष ६ महिना सम्म महानगरपालिकाको नेतृत्व र स्वामित्वमा सञ्चालन हुने कार्यक्रममा प्राविधिक सहयोग डिएफआइडीले उपलब्ध गराउने सम्झौतामा उल्लेख छ ।

कार्यक्रममा परियोजनाका राजीतिक सल्लाहकार तथा नेपाल सरकारका पूर्व सचिव कृष्ण ज्ञवालीले यो परियोजनाले विशेष गरी आर्थिक अवसरको विविधिकरण, लगानीको आवश्यकता, वातावरण मैत्री लगानी, सहरी सुशासन, स्थानीय सरकारको संस्थागत क्षमता बढाउनका परियोजनाले प्राविधिक सहयोग उपलब्ध गराउने उहाँले बताउनुभयो । उहाँका अनुसार दीगो सहरी विकास, लगानी सहजीकरणका निम्ति संस्थागत प्रभावकारितालाई पनि परियोजनाले ध्यानमा राखेर काम गर्ने बताउनुभयो ।

दिगो विकासको लागि एउटा वडामा संवेदनशील भूउपयोग नमुना योजना कार्यान्वयन, भवन निर्माणको नियम पालनामा सुधार, पूर्वाधार विकास परियोजनाहरुको तयारी तथा वाह्य लगानी भित्र्याउने वातावरण बनाउन पनि परियोजनाले सघाउने ज्ञवालीको भनाइ छ । नगरपालिकाको विकासको दीर्घकालीन सोंच तथा रणनीतिमा सहयोग, सेवा प्रवाहलाई प्रभावकारी बनाउन सुधार कार्य सञ्चालन, राजश्व सुधारको योजना, लैंगिक समानता तथा समाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न महानगरले बनाएका योजनामा यो परियोजनाले प्राविधिक रुपमा सघाउने ज्ञवालीले बताउनुभयो ।

कार्यक्रममा पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीले बेलायतसँग पैसा भन्दा पनि पोखराको दीगो विकासको योजनामा डिएफआइडीसँग प्राविधिक सहयोग लिन सम्झौता गरेको बताउनुभयो । उहाँले पोखरालाई कार्बन फ्री सिटी बनाउन सकिने सम्भावना रहेकोले परियोजनासँग मिलेर नगरपालिकाले काम गर्ने बताउनुभयो । 'तत्कालै सम्भव नभएपनि अहिले नै काम सुरु गरियो भने केही वर्षमा पोखरालाई कार्बन फ्री सिटी बनाउन सकिन्छ,' जिसीले भन्नुभयो,'विशेष गरी वातावरण मैत्री दीगो विकास र आर्थिक समृद्धमा परियोजनाले सघाउने विश्वास लिएको छु ।' पोखराले दीर्घकालीन योजनासहित वातावरण मैत्री विकासका जोड दिएकाले परियोजनाले त्यसमा सहयोग पुऱ्याउने भनाइ जिसीको छ । कार्यक्रममा पोखरा महानगरपालिका उपप्रमुख मञ्जुदेवी गुरुङले दीगो विकाससँगै सुरक्षित र सुसंस्कृत सहर बनाउन परियोजनाले सघाउने बताउनुभयो । पोखरालाई स्मार्ट सिटी बनाउन चाहिने आवश्यक पूर्वाधारमा परियोजनाले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।

डिएफआइडीका उत्थानशीलता तथा समावेशीता टोलीका प्रमुख साइमन लुकासले पोखराले कृषि र पर्यटनको क्षेत्रलाई अझ उजागर गर्नुपर्ने बताउनुभयो । उहाँले पोखरार्ला समृद्ध र समुन्नत सहर बनाउने योजनामा परियोजनाले प्राविधिक सहयोग गर्ने बताउनुभयो । व्यक्तिले आफ्नो कामबाट अवकास लिएपछि आनन्दसँग बस्ने ठाउँका रुपमा पोखरालाई विकास गर्न सकिने भनाइ उहाँको छ ।

पोखरालाई समृद्ध र आधुनिक सहर बनाउन सके कामबाट अवकास लिएका विश्वका धेरै व्यक्तिहरु बस्नका लागि यहाँ आउने उहाँले विश्वास व्यक्त गर्नुभयो । परियोजनाका सदस्य एलिनाले पोखरालाई समृद्ध र सुदृढ सहर बनाउन बेलायतले पनि सहयोग गर्ने बताउनुभयो । पोखरा महानगरका प्रमुख मानबहादुर जिसीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सूचना अधिकारी भरतराज पौडेलले गर्नुभएको थियो । पोखरा, २४ मंसिर

# उपप्रमुखसँग महिला कार्यक्रम बारे छलफल



महिलाहरुलाई उद्यमी बनाउँदै आर्थिक रुपमा सवल र सक्षम बनाउने उद्देश्यले पोखरा महानगरपालिकाले सञ्चालन गरेको उपप्रमुखसँग महिला कार्यक्रम प्रभावकारी भएको बताइएको छ । उपप्रमुखसँग महिला कार्यक्रमको प्रभावकारिता र चालु वर्षका कार्यक्रम सञ्चालनका लागि महिला जनप्रतिनिधिहरुसँग आयोजना गरिएको छलफलमा कार्यक्रम सकरात्मक प्रभाव र महिलालाई उद्यमी बनाउन महत्वपूर्ण भूमिका खेलेको उहाँहरुले बताउनुभयो । कार्यक्रममा पोखरा महानगरका प्रमुख मानबहादुर जिसीले उपप्रमुखसँग महिला कार्यक्रम नमुना प्रोजेक्टका रुपमा अगाडि बढेको बताउँदै त्यसलाई अझै प्रभावकारी बनाएर लैजाने पक्षमा महानगर रहेको बताउनुभयो । उहाँले महिलालाई स्वरोजगार र आत्मनिर्भर बनाउने गरी कार्यक्रम आएको बताउनुभयो । उहाँले अघिल्लो वर्षको कार्यक्रम प्रभावकारी भएकाले यस वर्ष बजेट वृद्धि गरिएको बताउनुभयो ।

कार्यक्रमको उद्देश्य महिलालाई उद्यमी बनाउँदै आत्मनिर्भर बनाउने हो,' उहाँले भन्नुभयो, अब महानगरले अनुदान र तालिम दिने बजेट घटाएर उद्यमी बनाउने नीति लिएको छ, ' तालिम गरेर भत्ता बाँडेर रिजल्ट आउँदैन्, परिश्रम गरेपछि परिणाम

**महिलाहरूलाई आर्यआर्जनसँग जोडेर आत्मनिर्भर बनाउने योजना अनुसार कार्यक्रम**

आँउछ भन्ने हो ।' उपप्रमुख एंव कार्यक्रमका संयोजक मञ्जुदेवी गुरुङले महिलाहरुलाई आर्यआर्जनसँग जोडेर आत्मनिर्भर बनाउने योजना अनुसार कार्यक्रम ल्याएको बताउनुभयो । उहाँले महिलाहरुको कामको मुल्यांकन हुने र आर्यआर्जनसँग जोड्दै उद्यमी बनाउने योजना हो भन्नुभयो । महानगरले अघिल्लो वर्ष २ करोड रुपैंयाँ विनियोजन गरेको भएपनि चालु आर्थिक वर्षका लागि ३ करोड रुपैयाँ विनियोजन गरेको बताउनुभयो । उपप्रमुखसँग महिला कार्यक्रम मार्फत विपन्न, एकल, अपांगता भएका र हिंसा पीडित महिलाका लागि प्राथमिकता दिएर ऋण लगानी गरेको बताउनुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य राधिका शाही योगीले महिलाहरु आर्थिक रुपमा आत्मनिर्भर नभएसम्म सधै पछाडि पर्ने बताउनुभयो । उहाँले उपप्रमुखसँग महिला कार्यक्रम प्रभावकारी भएको र यसलाई व्यवस्थित गर्दै निरन्तता दिने बताउनुभयो । कार्यक्रममा अञ्जु क्षेत्री, पार्वती कार्की, किरण गौतम, हरिमाया विक, भोजकुमारी थापा लगायतले उपप्रमुखसँग महिला कार्यक्रम दिँदा महिला जनप्रतिनिधिसँगको समन्वयले थप प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो । उपप्रमुखसँग महिला कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षको लागि अहिले महानगरका ३३ वडाबाटै निवेदन माग गरिएको छ । हालसम्म करिब दुई बढीले कार्यक्रम मार्फत रकम माग गरेका छन् ।

आएका निवेदनलाई उपप्रमुखसँग महिला सञ्चालक समितिको बैठकले आवश्यकता र कार्यक्रमका आधारमा निर्णय गरेपछि ऋण लगानी गर्नेछ । यस्तै कार्यक्रम अन्तर्गत अघिल्लो वर्ष लगानी गरेका सहकारी, व्यक्ति, समूहहरुसँग पनि समितिले छलफल गरेको छ । कार्यक्रमको प्रभावकारीता र यसले पारेका सकरात्मक प्रभाव बारे छलफल गरिएको थियो ।

*पोखरा मंसिर २७*

# सार्वजनिक निजी साझेदारी आयोजनाबारे सांसदसँग छलफल



पोखरा महानगरपालिकाले सार्वजनिक निजी साझेदारी (पिपिपी) का लागि छनोट भएका आयोजनाहरुको बारेमा कास्कीबाट संघीय र गण्डकी प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसदहरुसँग छलफल गरेको छ ।

सेतीखोंच साहसिक पर्यटन पूर्वाधार विकास आयोजना, पातलेछाँगो सिसा पुल तथा अन्य पूर्वाधार विकास आयोजना र सराङकोट पर्यटन पूर्वाधार विकास आयोजना बारेमा छलफल गरेको हो । पोखरा महानगरका प्रमुख मानबहादुर जिसीको अध्यक्षतामा भएको कार्यक्रममा सांसदहरुले महानगरले ल्याएका योजनाहरुहरुलाई कार्यान्वयन तहमा लैजानुपर्ने बताउँदै पिपिपी मोडेलमा योजना बनाउँदा सार्वजनिक हितलाई केन्द्रमा राखेर बनाउन सुझाव दिएका थिए ।

युवा तथा खेलकुद मन्त्री जगतबहादुर विश्वकर्माले महानगरले सार्वजनिक हितलाई ख्याल गरेर नै पिपिपी आयोजनालाई अगाडि बढाउनु पर्ने बताउनुभयो । 'महानगरले ल्याएका आयोजनाले पोखराको सुन्दरतालाई अझ प्रवर्द्धन गर्दछ,' उनले भने,' आयोजनालाई कार्यान्वयनमा लैजाँदा सार्वजनिक रुपमा छलफल हुन आवश्यक छ, महानगरले सरोकारवालाहरुसँग छलफल गरेर काम अगाडि बढाउँदा राम्रो हुन्छ ।' कास्की क्षेत्र नम्बर ३ का सांसद समेत रहेका विकले हरेक सम्भवनाको खोजी गर्दै पोखरामा थप पर्यटकीय गतिविधि बढाउने योजनालाई प्राथमकिता दिनुपर्ने बताउनुभयो ।

## 'सार्वजनिक हित नै पहिलो सर्त'

कास्की क्षेत्र नम्बर १ का सांसद तथा पूर्व मन्त्री खगराज अधिकारीले सेती खोंचमा साहसिक पर्यटकीय पूर्वाधार निर्माण गर्दा शवदहस्थल र रामघाटबाट नदीजन्य पदार्थ उत्खनन् लाई व्यवस्थित गर्नुपर्ने बताउनुभयो । उहाँले महानगरले ल्याएका योजनालाई सम्पन्न गर्न सक्दो सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो । गण्डकी प्रदेश सांसद तथा विकास समितिका सभापति दीपक कोइरालाले थोरै लगानी गरेर राम्रो आम्दानी गर्न सकिने धेरै ठाउँहरु भएकाले त्यसप्रति महानगरले ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले लेखनाथका तालहरुलाई समेटेर योजना बनाउँदा थोरै लगानीमा धेरै आम्दानी गर्न सकिने बताउनुभयो । प्रदेश सांसद मनबहादुर गुरुङले रामघाटलाई तालको रुपमा विकास गर्न त्यसबारे अध्ययन गर्नुपर्ने बताउनुभयो । योजना ल्याएपछि त्यसलाई कार्यान्वयन हुने गरी ल्याउनु पर्ने उहाँको भनाइ छ ।

प्रदेश सांसद विन्दुकुमार थापाले महानगरले ल्याएको योजनाले पोखराको पर्यटनमा थप टेवा पुग्ने बताउनुभयो । उहाँले सेती नदीमा पर्यटकीय पूर्वाधार निर्माण गर्दा नदीलाई प्रदुषित हुनबाट जोगाउनुपर्ने बताउनुभयो । प्रदेश सांसद रामजी बराल जीवनले आन्तरिक पुँजीलाईसहि रुपमा परिचालन र व्यवस्थापन गर्नुपर्ने बताए । उहाँले सेतीबाट नदीजन्य पदार्थ उत्खनन्लाई व्यवस्थित गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रदेश सांसद राजीव पहारीले मापदण्ड लागू गराउन र सार्वजनिक सम्पत्तिको संरक्षणमा कठोर भएर काम गर्नुपर्ने बताउनुभयो । उहाँले अबको विकासको मोडेल नै पिपिपी भएकाले महानगरले ल्याएको आयोजनालाई सम्पन्न गर्न संघ र प्रदेशले पनि सक्दो सहयोग गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा प्रदेश सांसद मित्रकुमारी गुरुङ सुवेदी, पुष्पा

केसी भण्डारीले पनि महानगरले अगाडि सारेका योजनालाई सफल बनाउन तीन तहका सरकारबीच समन्वय आवश्यक पर्नेमा जोड दिनुभएको थियो ।

महानगरका प्रमुख मानबहादुर जिसीले सार्वजनिक हितलाई ध्यानमा राखेर नै महानगरले तीन आयोजनालाई पिपिपी मोडेलमा अगाडि बढाएको बताउनुभयो । उहाँले योजनालाई सम्पन्न गर्न संघ र प्रदेशको पनि साथ र सहयोग आवश्यक पर्ने बताउनुभयो । पूर्वाधार र विकासको काम गर्दा सम्बन्धित क्षेत्रका संघीय सांसदको नेतृत्वमा प्रदेश सांसद र स्थानीय तहका जनप्रतिनिधिसहितको टिम बनाएर काम गर्दा विकासले गति लिने र योजना डुब्लिकेसनको समस्या पनि नहुने हुनाले टिम बनाउन जिसीले प्रस्ताव गर्नुभएको थियो ।

कार्यक्रममा सार्वजनिक निजी साझेदारी कार्यक्रमका सहजकर्ता अनन्तप्रसाद कोइरालाले ३ वटा आयोजनाको बारेमा प्रस्तुति राख्नु भएको थियो भने कार्यक्रमको सञ्चलन महानगरका प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीले गर्नुभएको थियो । कार्यक्रममा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङ, सार्वजनिक निजी साझेदारी कार्यक्रमका सदस्य एव महानगरका वरिष्ठ इन्जिनियर शारदमोहन काफ्लेको पनि सहभागिता थियो ।

सेती खोंच विकास आयोजनाको प्रस्तावित लगानी १ अर्ब ५८ करोड, पातलो छाँगो सिसा पुल तथा अन्य पूर्वाधार विकास आयोजनामा ४९ करोड १९ लाख, सराङकोट पर्यटन पूर्वाधार विकास आयोजनाको प्रस्तावित लगानी १४ करोड ७४ लाख रहेको सहजकर्ता कोइरालाले जानकारी दिए ।

पोखरा २९ पुस

---

# ३ योजनामा महानगर र योजना आयोगको साझेदारी

पोखरा महानगरपालिका र राष्ट्रिय योजना आयोगको समपूरक साझेदारी अन्तर्गत ३ आयोजनाको काम अगाडि बढाइने भएको छ । पोखरा महानगरपालिकाले काम सुरु गरिसकेका तीन आयोजनामा थप काम गर्न आयोगसँग साझेदारी गरेको हो ।

साझेदारीमा पोखरा महानगर २० मा मनिपाल न्यालेचौर भलाम सडक खण्डमा १ करोड २० महानगर र त्यत्तिनै रकम योजना आयोगले साझेदरी गरी काम अगाडि बढाइने पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले बताए ।

त्यसैगरी बैदाम, पामे घाँटीछिना सडक खण्डमा महानगर र योजना आयोगले १ करोड ६० लाख दरले, विजयपुर–कालिका–माझठाना बेगनास सडकमा दुवै संस्थाको गरी ४ करोड यस आर्थिक लगानी हुनेछ । यी तीन वटै आयोजनाहरु ३ वर्षीय आयोजना अन्तर्गत महानगर पालिकाले गत आर्थिक वर्षदेखि अगाडि बढाएको हो ।

यसैगरी राष्ट्रिय योजना आयोगको विशेष अनुदान अन्तर्गत १ करोडको लागतमा सराङकोट खानेपानी आयोजना, ८० लाखको लागतमा पोखरा २८ गहुँकाट्ने, गोतेनबारी जौबारी लिफ्टिङ खानेपानी आयोजना, २ करोडको लगानीमा पोखरा ११ काहुँ खानेपानी आयोजना, १ करोडको लगानीमा सडक बालबालिका पुनर्स्थापना केन्द्रको काम समेत अगाडि बढाउन बजेट विनियोजन भएको जिसीले बताए । पोखरा, ३ पुस


## निर्माण सामग्री हटाउन सूचना

**पोखरा महानगरपालिका क्षेत्र भित्रका विभिन्न स्थानहरुमा जथाभावी रुपमा निर्माण सामग्री राख्ने कार्य गरेको देखिएकोले त्यस्ता सामग्रीहरुबाट पैदलयात्री तथा सवारी आवगमनमा समेत वाधा पुग्न गएको, सहरी सौन्दर्यतामा प्रतिकुल असर पर्नुका साथै वातावरण प्रदुर्षण बढ्न गएको र यसले मानव स्वास्थ्यमा प्रतिकुल असर पर्ने भएकोले त्यस्ता प्रकृतिका कुनै पनि निर्माण सामग्रीहरु यथाशीघ्र हटाइ सरसफाइ समेत गर्नुहुन अनुरोध गरिन्छ।**

**यस सूचनाको बर्खिलाप हुने गरी कोही कसैले निर्माण सामग्री राखिएको पाइएमा महानगरबाट खटिइ आएका नगर प्रहरीहरुले त्यस्ता सामग्रीहरु जफत गर्ने र त्यस्ता सामग्रीहरु उठाउँदा र लैजाँदा लाग्ने खर्च समेत सम्बन्धित व्यक्तिबाट नै असुल उपर गरिनेछ। यसरी जफत भएका सामग्रीहरु उपरपछि कोही कसैको दाबी विरोध नलाग्ने व्यहोरा समेत सम्बन्धित सबैमा सूचित गरिन्छ।**

**पोखरा महानगरपालिका**

# बालसुधार गृहलाई सहयोग



पोखरा महागनरपालिकाले बालसुधार गृहलाई बेड सहयोग गरेको छ । पोखरा महानगरपालिका वडा नम्बर १८ मा रहेको बालसुधार गृहलाई बेड हस्तान्तरण गरेको हो । सुधार गृहका बालकहरु बेडको अभावमा भुइमा सुत्ने गरेको गुनासो आएपछि महानगरले फलामको डबल बेड दुई ओटा, ओछ्याउने चार ओटा डसना र चार ओटा सिरानी सहयोग गरेको हो ।

महानगरको सामाजिक विकास महाशाखले आयोजना गर्ने कार्यक्रमको रकम मार्फत् बालगृहलाई बेड सहयोग गरिएको हो । पोखरा महानगरका प्रमुख मानबहादुर जिसीले बालगृहका इन्चार्ज रमा शर्मालाई बेड हस्तान्तरण गर्नुभयो ।

कार्यक्रममा प्रमुख जिसीले महानगरले फजुल खर्च भन्दा देखिने काम गरौ भन्ने मान्यताले बालगृहलाई बेड सहयोग गरेको बताउनुभयो । प्रमुख जिसीले सुधार गृहमा रहेका बालकहरुलाई हिजोको कुरालाई बिर्सिएर अब राम्रो व्यक्ति हुन्छु भन्ने भावना लिएर अगाडि बढन आग्रह गर्नुभयो ।

हिजो के भयो अब त्यो नसोचौं उहाँले भन्नुभयो,‘आत्मबल लिएर जाने हो आत्मग्लानी हैन ।’ उहाँले बालगृहमा रहेकालाई सीप सिकाउने बताउनुभयो । यहाँ रहेका बालकहरुको चाहना अनुसार सिप सिकाउन महानगर तयार छ,’उहाँले भन्नुभयो, ‘समाजमा उदारणीय व्यक्ति बनेर जीवनलाई राम्रो बनाउनुपर्छ ।’

पोखरा महानगर सामाजिक विकास महाशाखा अधिकृत गीता न्यौपानेले बालकहरुको गुनासो सुनेर महानगरमा आग्रह गरेपछि सहयोग गरेको बताउदै यहाँका अन्य समस्याका लागि सधै हातेमालो गरेर अगाडि बढने बताउनुभयो । कार्यक्रम बालगृहका इन्चार्ज राम शर्माको अध्यक्षतामा भएको थियो भने सञ्चालन अजय थापाले गर्नुभएको थियो । सुधार गृहमा १८ जिल्लाका ७९ जना बालकहरु छन् । *पोखरा, पुस ६*

# महानगरमा २१ वटा स्वास्थ्य केन्द्र निर्माण गरिने

पोखरा महानगरपालिकाका २१ वटा वडामा सुविधा सम्पन्न स्वास्थ्य केन्द्र भवन निर्माण गरिने भएको छ ।

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र पोखरा महानगरपालिकाको साझेदारीमा १९ वटा स्वास्थ्यकेन्द्र निर्माण गरिने भएको हो । २ वटा स्वास्थ्य केन्द्रमा भने राष्ट्रिय योजना आयोगसँग महानगरपालिकाले साझेदारी गरेको छ ।

एउटा स्वास्थ्य केन्द्र भवन निर्माणको लागि ६३ लाखका दरले रकम विनियोजन गरिएको महानगरका सूचना अधिकारी भरतराज पौडेलले बताउनुभयो । उनका अनुसार यो



आर्थिक वर्षमा ती सबै स्वास्थ्य केन्द्रको निर्माण कार्य सुरु गरिने र १५ महिना भित्र निर्माण सम्पन्न गरिनेछ । वडा नम्बर १ देखि १५ सम्म र १७, २९ ३२, ३३ नम्बर वडामा स्वास्थ्य केन्द्र निर्माण हुनेछ ।

यसैगरी नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाडौंको विशेष अनुदान र महानगरको लागत साझेदारीमा २ वटा वडामा सुविधा सम्पन्न स्वास्थ्य केन्द्र निर्माण गरिने भएको छ ।

वडा नम्बर २४ र २५ मा कुल ३ करोड २२ लाखमा एउटा स्वास्थ्य केन्द्र निर्माण गरिने र यसका लागिप्रति स्वास्थ्य केन्द्र बहुवर्षीय आयोजना अन्तर्गत राष्ट्रिय योजना आयोगबाट १ करोड बजेट विनियोजन समेत भएको महानगरका प्रमुख मानबहादुर जिसीका स्वकीय सचिव लक्ष्मण तिमिल्सिनाले जानकारी दिनुभयो ।

# फेवा जलाधार क्षेत्र संरक्षणका लागि ड्याम निर्माण सुरु

पोखराको फेवाताल संरक्षण गर्न २८ करोड १४ लाख रुपैंयाँको लागतमा ४ ठाउँमा सिल्टेसन ड्याम निर्माण सुरु भएको छ । पोखरा महानगरपालिका र गण्डकी प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको संयुक्त लगानीमा फेवाताल संरक्षण कार्यक्रम अन्तर्गत पहिलो चरणमा मुख्य ४ ठाउँमा सिल्टेसन ड्याम निर्माणको काम सुरु भएको हो । बेतयानी खोलामा निर्माण गरिने ड्यामको गण्डकी प्रदेशका मुख्य मन्त्री पृथ्वीसुब्बा गुरुङ र पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले संयुक्त रुपमा शिलान्यास गर्नुभयो ।

कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले फेवाताल संरक्षणमा प्रदेश सरकार कटिवद्ध भएको बताउनुभयो । संघीय सरकारले फेवातालको समयमै सिमांकन गर्न सके फेवाताल संरक्षण गर्न फेवातालको सिमामा पिल्लर राख्न समेत आफूहरुले स्थानीय सरकारसँग समन्वय गरी अघि बढ्ने योजना रहेको उहाँले सुनाउनु भयो । प्रधानमन्त्री केपी शर्मा ओली, संघीय भूमि सुधार मन्त्रालयमा समेत फेवातालको सिमांकन गर्ने विषयमा पटक पटक पत्र दिएकाले अबको २/३ महिनामा केही काम हुने आशामा आफूहरु रहेको मुख्यमन्त्री गुरुङले सुनाउनुभयो ।

समयमै फेवातालको सिमाङकन गर्न नसक्दा फेवातालको विकासमा अवरोध सिर्जना भएको उहाँको भनाइ छ । जथभावी रुपमा खनिएका कच्ची सडकले नेपालको हावापानीलाई नै प्रभाव पार्ने गरेको मुख्यमन्त्री गुरुङलखे टिप्पणी गर्नुभयो । ताल विकास प्राधिकरण गठन भएको खण्डमा पोखरासहित गण्डकी प्रदेशका तालहरुको समेत संरक्षण र प्रवर्द्धन हुने उहाँले बताउनुभयो ।



## महानगर र प्रदेशको साझेदारीमा ४ ठाउँमा सिल्टेसन ड्याम बनाउन सुरु

फेवाताल जलाधार क्षेत्र संरक्षण कार्यक्रम अन्तर्गत पोखरा २४ स्थित बेतयनी खोला, लौरुक खोला, अँधेरी खोला र हर्पन खोला घाँटी छिना गरी ४ वटा आयोजना मार्फत चेकड्याम र सिल्टपोखरी निर्माण गरिने भएको पोखरा महानगरपालिकाका मेयर मानबहादुर जिसीले बताउनुभयो । गत भदौ महिनाको अन्तिममा भएको सम्झौता अनुसार २ वटा कम्पनीले १५ महिना भित्र २८ करोड १६ लाख १० हजार ९ सय ९२ रुपैंयाँमा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण कार्य सुरु भएको उहाँले बताउनुभयो । ड्याम निर्माणपछि नदीजन्य पदार्थ तालमा जानबाट नियन्त्रण हुने जिसीले बताए । उहाँले ड्याममा थुप्रिएको ढुंगा, गिटी, बालुवा प्रत्येक हप्ता निकाल्ने व्यवस्था महानगरले मिलाउने र उक्त नदी जन्य पदार्थ बिक्रीबाट महानगरलाई आम्दानी हुने उहाँको भनाइ छ । सिल्टेसन ड्याममा थुप्रिएको नदीजन्य पदार्थ बिक्रीबाट वार्षिक रुपमा करिब २३ करोड आम्दानी हुने अध्ययनले देखाएको छ ।

कार्यक्रममा पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले ताल संरक्षणका लागि बनाइने ड्याम निर्माणमा सहयोग गर्न स्थानीयलाई आग्रह गर्दै स्थानीयको सहयोग बिना तालको संरक्षण गर्न नसकिने बताउनुभयो ।

बेतयनी खोलामा स्याङ्जाको श्री गीता/जयनेपाल इश्वर जेभीले र बाँकी ३ लौरुक खोला, अँधेरी खोला तथा हर्पन खोला गरी ३ वटा आयोजना दाङको खड्का कृष्ण/पिके जेभी निर्माण गर्नेगरी सम्झौता भएको महानगरका वरिष्ठ इन्जिनियर शारदा

मोहन काफ्लेले बताउनुभयो । बेतयनी खोलामा ५ करोड ४६ लाख ५८ हजार ९ सय ७५ रुपैंयाँको लागतमा चेकड्याम र सिल्टपोखरी निर्माण गरिने छ । उक्त पोखरीको चेकड्याम लम्बाइ ५० मिटर, चौडाइ ५० मिटर, गहिराइ ४ मिटरको हुने भएको छ ।

लौरुक खोला पोखरा २४ मा चेकड्याम र सिल्ट पोखरी निर्माण गर्न ५ करोड ७४ लाख ८४ हजार ९ सय ९८ काम सक्ने गरी निर्माण कम्पनीले सम्झौता गरेको पोखरा महानगरपालिकाका सूचना अधिकारी भरतराज पौडेले बताउनुभयो । उक्त चेकड्यामको लम्बाइ ५० मिटर, चौडाइ ५० मिटर, गहिराइ ४ मिटर हुने महानगरले जनाएको छ ।




अधेरी खोला पोखरा २३ र २४ मा चेकड्याम र सिल्टपोखरी निर्माण गर्न ९ करोड ६ लाख ४ हजार ५ सय ५८ रुपैंयामा ठेक्का सम्झौता भएको छ भने उक्त चेकड्याम लम्बाइ १ सय मिटर, चौडाइ १ सय मिटर, गहिराइ ४ मिटर हुनेछ ।

हर्पन खोला घाँटी छिना पोखरा २३ मा चेकड्याम र सिल्टपोखरी निर्माण गर्न ७ करोड ८८ लाख ६२ हजार ५ सय ४१ रुपैंया ठेक्का सम्झौता भएको महानगरका इन्जिनियर नवीन गौतमले बताउनुभयो। उहाँका अनुसार उक्त चेकड्यामको लम्बाइ १ सय मिटर, चौडाइ १ सय मिटर, गहिराइ ४ मिटर हुनेछ । कार्यक्रममा निर्माण कम्पनीले समयसीमा भित्र नै काम सक्ने प्रतिबद्धता गरेका छन् । सम्मानीत सर्वोच्च अदातलको फेवा ताल संरक्षणमा गरेको फैसाल कार्यान्वयन गर्न गत वर्षदेखि पोखरा महानगरपालिकाले फेवा जलाधार क्षेत्रको संरक्षणको कामलाई अगाडि बढाएको छ । गत वर्ष महानगरले फेवामा मिसिने खोलाहरुले थुपारेको माटोजन्य सामग्री हटाएको थियो । पोखरा महानगरपालिकाले फेवातालमा जमेको माटो हटाएर तालको आकार बढाउने अभियानको थालनी गरेको हो ।

महानगरले खहरे खोलाले बगाएर ल्याएको माटो जमेर चौरमा परिणत भएको क्षेत्रको माटो हटाएको थियो । सर्वोच्च अदालतले फेवाताल संरक्षणका लागि दिएको आदेशको पालना गर्दै महानगरले माटो हटाएको हो । खहरे खोलाले बगाएर ल्याएको माटो थुप्रिएर करिब ४ रोपनी ताल चौरमा परिणत भएको थियो। महानगरले उक्त क्षेत्रबाट २८ हजार घनमिटर माटो निकालेको प्रमुख जिसीले जानकारी दिनुभयो । फेवाताल संरक्षणका लागि सर्वोच्च अदातलले पोखरा महानगरलाई फेवातालमा आउने ढुंगा, माटो तथा नदीजन्य पदार्थ रोक्न तीन वर्षभित्र सिल्टेसन ड्याम बनाउन निर्देशन दिएको छ र, सोही अनुरुप ड्याम निर्माणको काम अगाडि बढेको छ । पोखरा ९ पुस

# सार्वजनिक हितमा जारी सूचना !

- **पेट्रोल, डिजेल मट्टितेलजस्ता अत्याधिक प्रज्वलनशील पदार्थ घरमा नराखौं।**
- **सुख्खायाममा आगलागीको जोखिम अधिक हुन्छ। बालबच्चाहरुले भेट्ने ठाउँमा सलाइ, लाइटर जस्ता चिजहरु नराखौं। वन जंगल प्रवेशमा सलाइ लाइटरलाई निषेध गरौं।**
- **प्रयोग गरिसकेपछि ग्याँस रेगुलेटर बन्द गरौं। विद्युतीय स्विच अफ गरौं।**

**तपाईहरुको बस्ति, टोल छिमेकमा आगलागीजन्य घटना घटेको अवस्थामा तपाईले १०१ वा ५२०२२२ मा सम्पर्क गरि दमकललाई खबर गर्न सक्नुहुनेछ।**

**पोखरा महानगरपालिका**

# सहिद पार्क व्यवस्थापन गर्ने समिति



पोखरा महानगरपालिकाले वडा नम्बर १८ सराङकोटस्थित जामुनबोटमा बनाएको राष्ट्रिय विभूति तथा सहिद पार्क व्यवस्थापन गर्न समिति गठन गरेको छ । पार्क व्यवस्थापन समितिमा मेयर मानबहादुर जिसी र उपमेयर मञ्जुदेवी गुरुङ संरक्षक छन् ।

समितिको अध्यक्षमा पोखरा १८ का अध्यक्ष रणबहादुर थापा छन् । समितिको उपाध्यक्षमा स्थानीय समाजसेवी र महानगरबाट मनोनीत गरी ३ जना छन् । स्थानीयबाट भरतबहादुर थापा र महानगरबाट नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रामकृष्ण ज्ञवाली र चित्रराज बराल उपाध्यक्षमा मनोनित भए ।

समितिको सदस्य सचिवको जिम्मेवारी मेयर जिसीका स्वकीय सचिव लक्ष्मण तिमिल्सिनाले पाएका छन् । समितिका सदस्यमा सन्तोष शर्मा, राधा तिमिल्सिना, प्रकाश लामिछाने, राजु पौडेल, गोपाल खड्का र भोजराज गौतम छन् ।

पार्कमा पृथ्वीनारायण शाहसहित केही सहिदका शालिक निर्माण भइसकेका छन् । पार्कमा १ सय ८ राष्ट्रिय विभूति तथा सहिदका शालिक राख्ने योजना छ । महानगरले पार्कसँगै रहेको खुला व्यायामशाला पनि व्यवस्थापन गर्ने जनाएको छ । यसको समेत तयारी भएको मेयरका स्वकीय सचिव लक्ष्मण तिमिल्सिनाले जानकारी दिए । पोखरा, २९ पुस

# २ नम्बर वडामा मेलमिलाप केन्द्र स्थापना

पोखरा महागनरपालिका वडा नम्बर २ मा मेलमिलाप केन्द्र स्थापना भएको छ । पोखरा महानगरपालिका न्यायिक समितिले वडा तहका विवाद वडामै समधान गर्ने उद्देश्यले केन्द्र स्थापना गरेको हो । केन्द्रको पोखरा महानगरपालिका उपप्रमुख एवं न्यायिक समितिका संयोजक मञ्जुदेवी गुरुङले उद्घाटन गर्नुभयो ।

उद्घाटनपछि बोल्दै उपप्रमुख गुरुङले न्यायिक समितिका गठन, समितिको क्षेत्राधिकार, समितिले हालसम्म गरेका काम र आगामी योजनाका बारेमा जानकारी गराउनुभयो । न्यायिक समिति सदस्य पार्वती कार्कीले संविधान र स्थानीय सरकार सञ्चालन ऐनले गरेका व्यवस्थामा टेकेर न्यायिक समितिले काम गर्ने बताउनुभयो । विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष गणेशबहादुर श्रेष्ठले मेलमिलाप केन्द्र गठन वडा तहमा हुँदा विवादलाई मिलाउन सहज हुने बताउनुभयो ।

कार्यक्रममा न्यायिक समिति सदस्य किशोर बरालले मेलमिलापकर्ताको भूमिका, मेलमिलापकर्ताको अधिकार, मेलमिलाप गराउदाँ ख्याल गर्नुपर्ने विषयलाई स्पष्ट पार्नुभयो । महानगरपालिका वडा नम्वर २ का वडा अध्यक्ष रामेश्वर मल्लको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा वडा कमिटी अध्यक्ष दीनानाथ सुवेदी, नेपाली कांग्रेस नेतृ शारदा पराजुली र महानगरका कानुन अधिकृत राममणि अधिकारी लगायतले भनाइ राख्नुभयो ।

*पोखरा २० पुस*

# २० वटा वडामा मेलमिलाप केन्द्र




पोखरा महानगरपालिकाका २० वटा वडामा मेलमिलाप केन्द्र स्थापना भएका छन् । दोस्रो चरणमा महानगरपालिकाको न्यायिमक समितिले १० वटा वडामा मेलमिलाप केन्द्र स्थापना गरेको हो । पहिलो चरणमा १० वटा वडामा गत वर्ष नै मेलमिलाप केन्द्र स्थापना भएका छन् । देश संघीय शासन व्यवस्थामा गएपछि स्थानीय तहका विवाद मेलमिलाप मार्फत् समाधान गर्ने उद्देश्यले न्यायिक समितिको परिकल्पना संविधानमा गरिएको छ ।

**वडा नम्बर १ मा मेलमिलाप केन्द्र**

पोखरा महागनरपालिका वडा नम्बर १ मा मेलमिलाप केन्द्र स्थापना भएको छ । पोखरा महानगरपालिका न्यायिक समितिले वडा तहका विवाद वडामै समधान गर्ने उद्देश्यले केन्द्र स्थापना गरेको हो । केन्द्रको बिहीबार पोखरा महानगरपालिका उपप्रमुख एवं न्यायिक समितिका संयोजक मञ्जुदेवी गुरुङले उद्घाटन गर्नुभयो । केन्द्र उद्घाटनपछि बोल्दै उपप्रमुख गुरुङले मेलमिलाप मार्फत् समाजमा सद्भाव कायम हुने बताउँदै वडा तहका विवाद समाधानमा सहजता आउने बताउनुभयो ।

उहाँले मेलमिलापकर्ता न्यायिक समितिकै अंग भएको बताउँदै पक्ष विपक्ष दुवैलाई सहमतिमा ल्याएर विवाद समाधान गर्न आग्रह गर्नुभयो । मेलमिलापकर्ताको भूमिका स्थानीय सरकार सञ्चालन ऐन र महानगर न्यायिक समितिको कार्यविधिमा रहेर मेलमिलाप गराउन आग्रह गर्नुभयो । उपप्रमुख गुरुङले न्यायिक समितिले १३ वटा विवाद फैसला गर्न पाउने र ११ वटा विवादमा मेलमिलाप गराउन सक्ने व्यवस्था रहेको बताउँदै न्यायिक समितिको अधिकार क्षेत्र र मेलमिलापकर्ताको काम, कर्तव्य र अधिकार बारे जानकारी गराउनुभयो । वडा तहमै विवाद समाधान हुदाँ अदालती झन्झट, आर्थिकको बचत, समाजिक सद्भाव र पक्ष विपक्ष दुवैले जित्ने भएकाले मेलमिलाप उत्तम उपाय भएको बताउनुभयो ।

न्यायिक समिति सदस्य पार्वती कार्कीले न्यायिक कामलाई प्रभावकारी बनाउन वडामा मेलमिलाप केन्द्र स्थापना गरिएको बताउनुभयो । संविधान र स्थानीय सरकार सञ्चालन ऐनले गरेका व्यवस्थामा टेकेर न्यायिक समितिले काम गर्ने बताउनुभयो ।

वडा नम्वर १ का अध्यक्ष शारदाकुमारी पराजुलीले वडामा हुने विवाद समाधानमा मेलमिलाप कर्ताको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । उहाँले वडाका विवादलाई महानगर वा अन्य ठाँउमा जाने अवस्था हुन नदिने गरी मेलमिलाप गराउन आग्रह गर्नुभयो । वडा नम्बर १ का अध्यक्ष शारदाकुमारी पराजुलीको अध्यक्षमा भएको कार्यक्रममा नेकपा वडा कमिटी अध्यक्ष दामोदर रिमाल, कांग्रेस वडा सभापति टंकनाथ पौडेल, मेलमिलापकर्ता प्रेमरमण आचार्य लगायतले भनाइ राख्नुभयो । महानगरका सबै वडामा केन्द्र स्थापना गरिने न्यायिक समिति सदस्य किशोर बरालले बताउनुभयो । नेपालको संविधानले स्थानीय तहका विवाद समाधान गर्ने उद्देश्यले न्यायिक समितिको परिकल्पना गरेको छ । न्यायिक समितिले वडा तहका विवाद वडामै मेलमिलाप मार्फत समाधान गर्ने उद्देश्यले केन्द्र स्थापना गर्न सक्ने व्यवस्था गरेको छ । तीन भन्दा बढी मेलमिलाकर्ता भएको वडामा समितिले केन्द्र खोल्न सक्छ ।

## सूचना

**घर निर्माण गर्दा नक्सा पास स्वीकृत गरेरमात्र निर्माण गरौं ।**

**पेशा, व्यवसाय गर्दा इजाजत पत्र लिन नबिर्सौं ।**

**पोखरा महानगरपालिका**

नगर कार्यपालिकाको कार्यालय



# पोखरा भ्रमणमा कोमागानेका विद्यार्थी

पोखरा भ्रमणमा आएको जापानको कोमागाने सहरका विद्यार्थीहरुको टोलीलाई पोखरामा स्वागत गरिएको छ । कोमागाने सहरको एजुकेसन बोर्डका अध्यक्षको नेतृत्वमा आएको टोलीलाई पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले महागनरमा स्वागत गर्नुभयो । टोलीमा दश जना विद्यार्थी र शिक्षकहरु रहेका थिए ।

स्वागत कार्यक्रममा बोल्दै उपप्रमुख गुरुङले दुई सहरका विद्यार्थीहरुको भ्रमणले कोमागाने सहरसँगको सम्बन्धलाई थप मजबुद बनाएको बताउनुभयो । उहाँले दुई सहर बीचको सम्बन्धलाई प्रगाढ बनाउन शिक्षा, स्वास्थ्य, खेलकुद र सांस्कृतिक क्षेत्रमा सहयोग आदान प्रदान भइरहेको बताउनुभयो । उहाँले जापानी विद्यार्थीहरु पोखरामा आएर यहाँको बारेमा अध्ययन गर्दा सम्बन्ध बलियो र सुदृढ भएको बताउनुभयो । उहाँले पोखरा पर्यटकीय सहर भएकाले जापानी विद्यार्थीहरुको आगमनले पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । पोखरा महानगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीले दुई देशबीचको नागरिक बीचको सम्बन्धलाई थप बलियो बनाउन विद्यार्थीहरुको भ्रमणले भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा जापानको कोमागाने सहरका एजुकेसन बोर्डका अध्यक्ष तोसियोले कोमागाने र पोखराको सम्बन्धलाई दीगो बनाउँदै यहाँको बारेमा जानकारी लिन विद्यार्थीहरु आएको बताउनुभयो ।

**दुई सहरका विद्यार्थीहरूको भ्रमणले कोमागाने सहरसँगको सम्बन्धलाई थप मजबुद**

कोमागाने पोखराबीच जापानी विद्यार्थीको भ्रमणले सम्बन्धलाई अझै प्रगाढ बनाउने विश्वास उहाँले व्यक्त गर्नुभयो । भ्रमणले दुई सहरको सांस्कृतिक र शैक्षिक विकास बारे अनुभव आदान प्रदानमा सहयोग पुग्ने बताउनुभयो । उहाँले कोमागानेका विद्यार्थी मात्रै नभएर यहाँका विद्यार्थीहरु पनि जाने अवस्था भए विकास, प्रविधि र शिक्षाका बारेमा सिक्ने अवसर मिल्ने बताउनुभयो ।

पोखरा कोमागाने नागरिक मैत्री एसोसिएसनका अध्यक्ष शारदा मोहन काफ्लेले जापानबाट आएका विद्यार्थीहरुलाई होमस्टेमा राखिएको बताउनुभयो । उनीहरुलाई यहाँको मौलिक अवस्थाको जानकारी गराउने उद्देश्यले घरघरमा राखिएको थियो । कार्यक्रममा पोखरा कोमागाने नागरिक मैत्री एसोसिएसनका सचिव महेन्द्र गोदारले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । पोखरा र कोमागाने सहरबीच सन् २००१ मा भगिनी सम्बन्ध स्थापना भएको थियो । कोमागाने सहर र पोखरा सम्बन्धलाई दीगो बनाउने उद्देश्यले पोखरा १६ बाटुलेचौरमा मातृशिशु मिलेरी अस्पालत निर्माण समेत भएको छ । कोमागानेले अस्पतालका लागि करिब ७ करोड रुपैंयाँ बराबरको सहयोग गरेको छ । *पोखरा २२ पुस*

# वडा नं. १९ मा मेलमिलाप केन्द्र

पोखरा महागनरपालिका वडा नम्बर १९ मा मेलमिलाप केन्द्र स्थापना भएको छ । केन्द्रको पोखरा महानगरपालिका उपप्रमुख एवं न्यायिक समितिका संयोजक मञ्जुदेवी गुरुङले आइतबार उद्घाटन गर्नुभयो । उद्घाटनपछि बोल्दै उपप्रमुख गुरुङले मेलमिलाप मार्फत विवाद समाधान गर्दा समाजमा सद्भाव कायम हुने बताउनुभयो । उहाँले मुद्दाले समाजमा शान्ति र सद्भाव भन्दा बदलाको भावना जागृत गराउने भएकाले स्थानीय तहका न्यायिक समिति र वडामा मेलमिलाप केन्द्रको परिकल्पना नेपालको संविधानमा व्यवस्था गरिएको बताउनुभयो ।

उहाँले स्थानीय तहमै विवाद समाधान गर्दा पैसा र समयको बचत हुने बताउँदै विवाद समाधानको उत्तम विकल्प मेलमिलाप हुने बताउनुभयो । आफैले जिताएका जनप्रतिनिधि मार्फत वडा तहबाटै विवाद समाधान गर्दा अदालको झन्झटिलो, समय र पैसाको बचत हुने बताउनुभयो । मेलमिलापले पक्षविपक्ष दुवैलाई आत्मसम्मान हुने गरी जितजित बनाउने भएकाले मेलमिलापक केन्द्र मार्फत विवादको समाधान खोज्दा राम्रो हुने बताउनुभयो ।



पोखरा १९ का अध्यक्ष शोभामोहन पौडेलले पोखरा महानगरपालिका न्याय सम्पादनमा अन्य स्थानीय तह भन्दा अब्बल रहेको बताउनुभयो । उहाँले मेलमिलापकर्ता सामाजिक कार्यकर्ता भएको बताउँदै सामाजिक सेवालाई आर्थिकसँग जोड्न नहुने बताउनुभयो । कार्यक्रममा मेलमिलापकर्ता तुलसीप्रसाद गौतम, नेकपा पोखरा १९ का अध्यक्ष विष्णु गौतम, नेपाली कांग्रेस १९ का सभापति महेश्वर पौडेल लगायतले मेलमिलापक केन्द्र स्थापनासँगै विवाद समाधानमा सहज हुने बताउनुभयो । पोखरा १९ का अध्यक्ष शोभामोहन पौडेलको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

पोखरा २७ पुस

# सार्वजनिक हितमा जारी सूचनाहरू

- पेट्रोल, डिजेल मट्टितेलजस्ता अत्याधिक प्रज्वलनशील पदार्थ घरमा नराखौं ।
- सुख्खायाममा आगलागीको जोखिम अधिक हुन्छ । बालबच्चाहरुले भेट्ने ठाउँमा सलाइ, लाइटर जस्ता चिजहरु नराखौं । वन जंगल प्रवेशमा सलाइ लाइटरलाई निषेध गरौं ।
- प्रयोग गरिसकेपछि ग्याँस रेगुलेटर बन्द गरौं । विद्युतीय स्विच अफ गरौं ।

तपाईहरुको बस्ति, टोल छिमेकमा आगलागीजन्य घटना घटेको अवस्थामा तपाईले १०१ वा ५२०२२२ मा सम्पर्क गरि दमकललाई खबर गर्न सक्नुहुनेछ ।

**पोखरा महानगरपालिका**

# पृथ्वी जयन्तीमा माल्यापर्ण



२९८ औं पृथ्वी जयन्ती एवं राष्ट्रिय एकता दिवस राष्ट्र निर्माता पृथ्वीनरायण शाहको सम्भना गरी मनाइएको छ । पोखरा महागनरपालिकाले पृथ्वीजयन्तीमा पृथ्वीनारायण शाहको शालिकमा मल्यापर्ण सहित उहाँको चर्चा गरेर मनाएको हो । पोखरा महानगपालिकाले वडा नम्बर १८ मा निर्माण गरेको सहिद तथा राष्ट्रिय विभूति पार्कमा निर्माण गरेको पृथ्वीनारायण शाहको सालिकमा माल्यापर्ण गरेको हो ।

महानगरले निर्माण गरेको पार्कमा नेपाल एकीकरणका सुत्रधार पृथ्वीनारायण शाहको ६ फिट ३ इन्चको अग्लो पूर्ण कदको सालिक राखिएको छ । पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसी, उपप्रमुख मञ्जुदेवी गुरुङ, वडा नम्बर १८ का अध्यक्ष रणबहादुर थापा, वडा नम्बर ७ का अध्यक्ष रामचन्द्र बराल, महानगरका प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदी लगायतले शाहको सालिकमा माल्यपर्ण गर्नुभयो ।

**‘सहिद र विभूतिको सम्मानमा सहिद तथा राष्ट्रिय विभूति पार्क निर्माण गरिएको हो’**

पोखरा महानगरका प्रमुख जिसीले पृथ्वीनारायण शाहको योगदानको संस्मरण गर्दै इतिहास भुल्न नहुने बताउनुभयो । उहाँले नेपालको एकीकरण अभियानमा शाहले खेलेको भूमिकाको प्रशंसा गर्दै देशका लागि विभिन्न क्षेत्रबाट योगदान पुऱ्याएका सहिद र विभूतिको सम्मानमा राष्ट्रिय सहिद तथा विभूति पार्क निर्माणा गरिएको र त्यहाँ उनीहरुको सालिक राखिने बताउनुभयो ।

पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले इतिहासको स्मरण गर्दै राम्रा काम गर्नेहरुको प्रशंसा गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रमको सञ्चालन महानगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत गंगालाल सुवेदीले गर्नुभएको थियो । अहिलेको नेपाल आजभन्दा ३ सय वर्षअघि बाइसे चौबिसे राज्यहरुमा विभाजित थियो । साना राज्यहरु मध्ये एक राज्य गोरखा थियो । जहाँ पृथ्वीनारायण शाहको जन्म भएको थियो । विक्रम सम्वत १७७९ मा पिता राजा नरभूपाल शाह र माता कौशल्यावती देवीका प्रथम पुत्रको रुपमा शाहको जन्म भएको थियो । उहाँले नेपाल एकीकरणको नेतृत्व गर्नुभएको थियो ।

*पोखरा २७ पुस*

# सिर्जनाचोकमा बन्दै आकाशेपुल

**पृथ्वीचोकमा अन्डर पास वा फ्लाई ओभर बनाउनेबारे अध्ययन भइरहेको**

पर्यटकीय नगरी पोखराको सिर्जनाचोकमा आकाशेपुल निर्माण हुने भएको छ । पोखराका व्यस्त चोकहरु मध्येको एक पोखरा महानगरपालिका वडा नम्बर ८ स्थित सिर्जनाचोकमा आकाशे पुल निर्माण हुने भएको हो । मुख्य चोकमाहरुमा बढदो ट्राफिक जामलाई घटाउने उद्देश्यले पोखरा महानगरपालिकाको २ करोड ३० लाख ११ हजारको लागतमा आकाशे पुल निर्माण गर्न लागेको हो । पुलको गण्डकी प्रदेशका मुख्य मन्त्री पृथ्वीसुब्बा गुरुङ्ले शिलान्यास गर्नुभयो । आउँदो चैत मसान्त सम्ममा निर्माण गरिसक्ने लक्ष्यसहित आकाशेपुलको निर्माण कार्य सुरु गरिएको पोखरा महानगरपालिका वडा नम्बर ८ का वडाध्यक्ष रुद्रनाथ बरालले जानकारी दिनुभयो । चैत मसान्तसम्ममा बनाइसक्ने सम्झौता छ ।

महानगरपालिकाको २ करोड र तत्कालीन सांसद रवीन्द्र अधिकारीले सांसद विकास कोर्षबाट विनियोजित गरेको ५० लाखबाट पुल निर्माण गर्न लागिएको वडाध्यक्ष बरालले बताउनुभयो । पुल निर्माणको जिम्मा के.एम. जे.बि.एन.एस. पोखराले ठेक्का लिएको छ । पृथ्वीचोकबाट लेकसाइड र बिरौटाबाट विन्ध्यवासिनी जोड्ने सिर्जनाचोकको चारैतिर आकाशेपुल हुने गरी पुल निर्माण गरिनेछ । पुल स्टिल जडित भएकाले निर्माणका लागि समय धेरै नलाग्ने र निर्धारित समयमै सम्पन्न हुने इन्जिनियर बाबुराम भण्डारीले बताउनुभयो । पुल निर्माणका लागि गत




जेठ ५ गते नै सम्झौता भइसकेको र कम्पनीले काम भइरहेको जनाएको छ ।

आकाशे पुल निर्माणपछि पदैल यात्रुलाई बाटो काट्न सहज हुने र पोखराको जाम केही कम हुने आशा गरिएको छ । सिर्जनाचोक व्यस्त चोकहरु मध्येको एक भएकाले यहाँको जामले अन्य चोकहरुमा पनि असर पर्ने भएकाले यहाँ आकाशेपुल निर्माण भएपछि अन्य चोकको जामलाईपनि कम गर्न मद्दत पुग्ने महानगरपालिकाले बताएको छ ।

**तीन तहको सरकार मिले पोखरा बन्छ : मुख्य मन्त्री**

पुल शिलान्यास गर्दै मुख्य मन्त्री पृथ्वीसुब्बा गुरुङ्ले विकासका लागि तीन तहको सरकारबीच सहकार्य हुनुपर्ने बताउनुभयो । कुनै एउटा सरकार लागेर मात्रै हुँदैन,‘उहाँले भन्नुभयो,‘व्यवस्थित विकासका लागि तीन वटै सरकार बीच सहकार्य हुनुपर्छ, तब मात्र व्यवस्थित विकास सम्भव छ ।’ उहाँले पोखराको विकासका लागि पोखरा महानगरपालिका, प्रदेश सरकार र संघ सरकारबीच सहकार्य हुनुपर्ने बताउनुभयो । उहाँले अब पनि पोखरालाई व्यवस्थित गरेर विकास गरेनौं भने पोखरा काठमाडौं जस्तै अस्तव्यस्त बन्ने चेतावनी दिनुभयो ।

मुख्यमन्त्री गुरुङ्ले पोखराका मुख्य सडकहरुलाई चार लेनको बनाउने योजनामा प्रदेश सरकार लागेको बताउनुभयो । त्यसका लागि सरकारले यो वर्ष सम्भाव्यता अध्ययन् गर्ने जानकारी दिनुभयो । अर्को वर्षकाट चार लेनका सडक निर्माणको काम सुरु हुने उहाँले बताउनुभयो । मुख्यमन्त्री गुरुङ्ले बितेको २ वर्ष विकासको जग हाल्ने काम भएको बताउँदै उहाँले भन्नुभयो,‘ अबको तीन वर्षमा विकासको प्रतिफल देखिन्छ ।’

मुख्यमन्त्री गुरुङ्ले पोखरामा पार्किङ्को समस्या बढदो रुपमा रहेकाले यसको व्यवस्थापनमा ध्यान दिन



जरुरी रहेको बताउनुभयो । पोखराको पार्किङ व्यवस्थापनमा निजी क्षेत्रले हात हाल्नुपर्ने भन्दै उहाँले त्यसका लागि महानगरपालिकाले समन्वय गर्नुपर्ने बताउनुभयो । पोखरामा बहुतले पार्किङ भवन बनाएर पार्किङलाई व्यवसायीकरण गर्न सकेमा पोखराको पार्किङ व्यवस्थापन सहजै गर्न सकिने बताउनुभयो ।

गण्डकी प्रदेशका अर्थ तथा विकास समितिका सभापति दीपक कोइरालाले पोखरालाई स्मार्ट सिटी बनाउन आकाशे पुलले सघाउने बताउनुभयो । स्मार्ट सिटी रातारात हुन सक्दैन यस्तै यस्तै कामले गरेर बनाउने हो,'उहाँले भन्नुभयो, 'पोखरामा पहिलो आकाशेपुलको शिलान्यास हुनु सकारात्मक छ, यसले स्मार्ट सिटीको आधार तयार गर्छ ।'

उहाँले अब ट्राफिक लाइट पनि थप्नुपर्ने बताउनुभयो ।

सांसद विन्दुकुमार थापाले पोखरामा आकाशेपुल निर्माण पहिलो प्रयास भएकाले सबैको सहयोगको आवश्यक रहेको बताए । पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले पोखरेली जनतालाई महानगर भएको प्रत्याभूति हुनेगरी आफूहरुले काम गरिरहेको बताउनुभयो । पोखराका सडकहरु माग्नेहरुले टालैटालोको लुगा लगाएजस्तो हुन नदिने प्रयास गरिरहेको बताउदै उहाँले थप्नुभयो,'अब कम्तिमा पनि ४/५ वर्षसम्म नबिग्रने गरी सडक निर्माणको काम सुरु भइसकेको छ ।'

उहाँले पृथ्वीचोकमा अन्डर पास वा फ्लाई ओभर बनाउनेबारे अध्ययन भइरहेको बताउनुभयो । उहाँले यही आर्थिक वर्षभित्र ट्राफिक लाइट राख्ने कामको पनि सुरुवात गरिसक्ने बताउनुभयो । महानगरपालिकाकी उपप्रमुख मञ्जुदेवी गुरुङले आकाशेपुलको निर्माणसँगै महानगर स्मार्ट सिटी बनाउने अभियानमा अगाडि बढेको बताउनुभयो ।

*पोखरा, मंसिर २७*


# पोखरा महानगरपालिकाको अनुरोध !

- प्लास्टिक झोला प्रयोगको कारण जताततै फोहोर देखिएको र ढल नाला जामहुने गरेकोले प्लास्टिकका झोलाको वैकल्पिक प्रयोग गरौं ।
- कुनै पनि किसिमका प्रचार प्रसार गर्ने उद्देश्यले भित्ते लेखन, पोस्टर, ब्यानर नराखौं ।
- नदी सफा राख्न कुनै पनि किसिमका केमिकल युक्त तरल पदार्थ नदीमा नमिसाऔं ।
- जथाभावी फोहोर नगरी सहर सफा राखौं । अटेर गरी कानुनको पालना नगरी जथाभावी फोहोर फालेको देखिएमा फोहोर मैला व्यवस्थापन ऐन २०६८ नियमावली २०७० अनुसार रु १ (एक)लाख सम्म जरिवानावा ३ महिना सम्म कैद वा दुवै सजाय तथा विभिन्न सञ्चार माध्यमबाट सार्वजनिक गरिनेछ ।
- पोखरा महानगरवासीहरुले घर निर्माण गर्ने क्रममा भवन निर्माण सम्पन्न लिन आउँदा आफ्नो घर कम्पाउन्डमा कम्तिमा दुई रुख रोपौं ।
- सार्वजनिक यातायातका साधनबाट सडकमा कुनै प्रकारका फोहोरमैला नफालौं ।
- पोखरामा चल्ने सबै यातायातका साधनहरुमा फोहोरमैला राख्ने भाँडो राख्ने गरौं ।

**पोखरा महानगरपालिका**
**नगर कार्यपालिकाको कर्यालय**
न्युरोड, पोखरा

# मेलमिलाप गराउँदा आग्रह पूर्वाग्रह राख्न हुँदैन् : उपप्रमुख गुरुङ




पोखरा महागनरपालिका वडा नम्वर १६ मा मेलमिलाप केन्द्र स्थापना भएको छ । पोखरा महानगरपालिका न्यायिक समितिले वडा तहका विवाद वडामै समाधान गर्ने उद्देश्यले केन्द्र स्थापना गरेको हो । केन्द्रको पोखरा महानगरपालिका उपप्रमुख एवं न्यायिक समितिका संयोजक मञ्जुदेवी गुरुङले उद्घाटन गर्नुभयो । उद्घाटनपछि बोल्दै उपप्रमुख गुरुङले अदालती प्रक्रिया लामो र झन्झटिलो हुने बताउनुभयो ।

उहाँले मेलमिलाप मार्फत विवाद समाधान गर्दा सहज र सरल रुपमा वडा तहबाटै समाधान हुने बताउनुभयो । उहाँले मेलमिलपाकर्ता पक्ष विपक्षको कुरा सुन्ने र दुवै जनाले जितको महसुस गर्ने गरी विवादको समाधान खोर्ज्नुपर्नेमा जोड दिनुभयो । मेलमिलापकर्ताले आग्रह पूर्वाग्रह नराखी मेलमिलाप गराउर्नुपर्नेमा जोड दिर्नुभयो । मेलमिलापकर्ताले विवाद समाधाको जड पत्ता लगाउने र त्यसको समाधान खोज्ने हो,' उहाँले भन्नुभयो, 'आर्थिक प्रभावमा पार्न खोज्ने, मिल्न दबाब दिने लगायतका काम गर्न हुँदैन ।'

मेलमिलापले पक्ष विपक्ष दुवैलाई आत्मसम्मान हुने गरी जित/जित बनाउने भएकाले मेलमिलापक केन्द्र मार्फत् विवादको समाधान खोज्दा राम्रो हुने बताउनुभयो । न्यायिक समिति सदस्य पार्वती कार्कीले न्याय सम्पादन सहज बनाउने उद्देश्यले स्थानीय तहमा न्यायिक समिति र वडा तहमा मेलमिलाप केन्द्रको परिकल्पना गरिएको बताउनुभयो । पोखरा १६ का अध्यक्ष जीवनप्रसाद आचार्यले मेलमिलापक केन्द्र स्थापनाले विवाद समाधानमा सहज हुने बताउँदै निष्पक्ष र स्वतन्त्र रुपमा काम गर्न मेलमिलापकर्तालाई आग्रह गर्नुभयो ।

कार्यक्रममा नेकपा पोखरा १६ का सचिव निर्मल आचार्य, नेपाली कांग्रेस १६ का सभापति

**मेलमिलाप मार्फत विवाद समाधान गर्दा सहज र सरल रूपमा वडा तहबाटै समाधान हुने**

होमबहादुर बानिया, मेलमिलापकर्ता शोभा आचार्य लगायतले न्याय सर्वसाधारणका लागि महंगो बन्दै गएको बताउँदै मेलमिलाप केन्द्र स्थापनासँगै वडा तहमै नागरिकले न्याय पाउने वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिनुभयो । पोखरा १६ का अध्यक्ष जीवनप्रसाद आचार्यको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

*पोखरा २८ पुस*

# सय रुपैयाँमा न्याय सम्पादन : गुरुङ



पोखरा महागनरपालिका वडा नम्बर ५ र ६ मा मेलमिलाप केन्द्र स्थापना भएको छ । पोखरा महानगरपालिका न्यायिक समितिले वडा तहका विवाद वडामै समाधान गर्ने उद्देश्यले केन्द्र स्थापना गरेको हो । केन्द्रको पोखरा महानगरपालिका उपप्रमुख एवं न्यायिक समितिका संयोजक मञ्जुदेवी गुरुङले उद्घाटन गर्नुभयो । दुवै वडामा केन्द्र उद्घाटनपछि बोल्दै उपप्रमुख गुरुङले न्याय प्रदान गर्ने विषय कठिन रहेको बताउनुभयो । उहाँले न्याय सम्पादन गर्दा निष्पक्ष, तटस्थ र स्वतन्त्र रुपमा गर्नुपर्नेमा जोड दिनुभयो ।

उपप्रमुख गुरुङले विवाद समाधानको उत्तम विकल्प मेलमिलाप भएको बताउँदै आस्थाका आधारमा पूर्वाग्रह राखेर नभई विवादका पक्षहरुको मन मिलाउने गरी गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले अदालतमा मुद्दामा जादाँ निवेदन लेखनबाटै आर्थिक भार पर्ने बताउँदै महानगरमा एक सय रुपैयाँमा न्याय सम्पादन हुने बताउनुभयो । उहाँले भन्नुभयो, 'विवाद दर्ता गर्न एक सय रुपैयाँ लाग्छ, त्यसपछि कुनै शुल्क लाग्दैन ।'

न्यायिक समितिका सदस्य किशोर बरालले न्यायिक समितिका गठन, समितिको क्षेत्राधिकार, समितिले हालसम्म गरेका काम र आगामी योजनाका बारेमा जानकारी गराउनुभयो।

पोखरा ५ का अध्यक्ष धनबहादुर नेपालीले वडामा सकेसम्म विवाद नहोस र भएपनि वडा तहबाटै समाधान गर्न सकियोस भन्नुभयो । उहाँले मेलमिलापकर्ता खुसी हसिलो हुनुपर्ने बताउँदै समाजमा शान्ति स्थापना भए विकासमा सहज हुने बताउनुभयो । मेलमिलाप केन्द्र स्थापनाले विवाद समाधानमा सहज हुने बताउँदै निष्पक्ष र स्वतन्त्र रुपमा काम गर्न मेलमिलापकर्तालाई आग्रह गर्नुभयो ।

कार्यक्रममा नेकपा पोखरा ५ का गायत्री भुर्तेल, नेपाली कांग्रेस ५ का प्रतिनिधि झोला पराजुली, मेलमिलापकर्ता सिर्जना शाह लगायतले मेलमिलाप केन्द्र स्थापनासँगै वडा तहमै नागरिकले न्याय पाउने वातावरण सिर्जना गर्नुपर्नेमा जोड दिए । पोखरा ५ का अध्यक्ष धनबहादुर नेपालीको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

वडा नम्बर ६ मा वडा अध्यक्ष जगबहादुर पहारीको अध्यक्षतामा भएको कार्यक्रममा नेपाली कांग्रेस वडा सभापति बलराम गिरी, मेलमिलापकर्ता पम्फा पहारी, नागरिक समाज पोखराका अध्यक्ष विष्णुहरि अधिकारी लगायतले बोल्नुभएको थियो ।

पोखरा २९ पुस

# पोखरा महानगरपालिका
# सामाजिक विकास महाशाखा
# सहरी गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन शाखा
# संक्षिप्त अर्ध वार्षिक प्रगति प्रतिवेदन

**१. गरिबी न्यूनीकरण तथा आय आर्जन तर्फको ऋण लगानी विवरण :**

| कार्यक्रम | उद्देश्य | लगानीको लक्ष्य वार्षिक रु. | ऋण लगानीको प्रगति | २०७६ पुस सम्म फिल्डमा लगानीमा रहेको ऋण रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| गरिबी न्यूनिकरण | आय आर्जन | वार्षिक रु. ८३ लाख ५० हजार | ८९ लाख | २ करोड ८५ लाख ८ हजार | |
| प्रगति | | | १०७% | | |

**२. गरिबी न्यूनीकरण तथा आय आर्जन तर्फको ऋण असुली विवरण :**

| कार्यक्रम | उद्देश्य | ऋण असुलीको लक्ष्य वार्षिक रु. | साँवा असुलीको प्रगति रु. | व्याज असुलीको प्रगति रु. | जम्मा असुली |
|---|---|---|---|---|---|
| गरीबी न्यूनिकरण | आय आर्जन | ६३,१०,०००।- | ५३,०१५,०८।– | १४,०७,४३७।– | ६७,०८९,४५।– |
| प्रगति | | | | | १०६% |

**३. आवास निर्माण कार्यक्रम तर्फको ऋण लगानी विवरण :**

| कार्यक्रम | उद्देश्य | लगानीको लक्ष्य | ऋण लगानीको प्रगति | फिल्ड लगानीमा रहेको जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| आवास निर्माण | आवास/घर निर्माण तथा मर्मत | १ करोड ८६ लाख | १ करोड ४ लाख २५ हजार | ८ करोड ५० लाख ८४ हजार | |
| प्रगति | | | ५६% | | |

**४. आवास निर्माण कार्यक्रम तर्फको ऋण असुलीको प्रगति विवरण :**

| कार्यक्रम | उद्धेश्य | साँवा असुलीको प्रगति | व्याज असुलीको प्रगति | जम्मा असुली | असुली दर |
|---|---|---|---|---|---|
| आवास निर्माण | आवास/घर निर्माण तथा मर्मत | १,४२,७४,२७८।– | ३५,३८,८५२ | १७,८१३,१३०।- | ९९% |

५. थप सय घर निर्माण तथा मर्मतका लागि रु. ५ करोड ५० लाखको थप कार्यक्रमका गर्न, पोखरा महानगरपालिका, लुमन्ति र कामना सेवा विकास बैंक बीच सम्झौता भएको छ ।

६. विगत ५ वर्ष देखि बैंकको चल्ति खातामा निस्क्रिय रहेर बसेको साविक पोखरा उपमहानगरपालिका तर्फको साझेदारी विकास कोषको रकम रु. १ करोडलाई शतप्रतिशत लगानी गरी परिचालन गरिएको छ ।

७. आय आर्जन तर्फका उद्यमीलाई ऋण लगानी गर्ने कार्य भइरहेको । जसमा वार्षिक व्याज दर सय कडा १०% छ ।

८. घर निर्माण तथा मर्मत गर्ने सेवाग्राहीलाई ऋण लगानी गर्ने कार्य भइरहेको । जसमा वार्षिक व्याज दर सय कडा ८% रहेको । असुलीको प्रगति दर ९९% रहेको ।

९. उद्यमी/लाभग्राहीहरु बाट दैनिक ऋण असुली गर्ने कार्य भएको छ ।

१०. टोल विकास संस्थाकालाई लेखा तथा बचत व्यवस्थापनका सामग्रीहरु उपलब्ध गराउने कार्य भइरहेको ।

११. टोल विकास संस्थाहरुलाई नियमन गर्ने कार्य भइरहेको छ ।

१२. टोल विकास संस्थाको संस्थागत विकासका लागि प्राविधिक सहयोग गर्ने कार्य भएको छ ।

१३. टोल विकास संस्था तथा उद्यमी एंव घर निर्माण गर्ने लाभग्राहीहरुको स्थलगत अनुमान कार्य भएको छ ।

१४. आय आर्जन तथा आवास निर्माण लागि लक्षित वर्ग तथा लाभग्राहीको छनोट गर्ने कार्य भइरहेको ।

१५. न्युन लागतमा नमुना बस्ती निर्माणको लागि पोखरा महानगरपालिका, लुमन्ति र सेवाग्राहीहरुको संयुक्त
टिम बाट जग्गाको फिल्ड निरीक्षण गर्ने कार्य भइरहेको छ ।

१६. लुमन्तिको सहयोगमा आवास निर्माण कार्यक्रमको प्रभाव अध्ययन (Impact Study) गर्ने कार्य सम्पन्न भएको । जसमा सेवाग्रहीहरु सन्तुष्ट रहेको व्यहोराको प्रतिवेदन आएको ।

प्रतिवेदक
रवीन्द्र अधिकारी

# पोखरा महानगरपालिकामा सूचीकृत मेलमिलापकर्ता

## आर्थिक वर्ष २०७६/०७७

| क्र.स. | मेलमिलापकर्ताको नाम, थर | वडा नं. | सम्र्पक | फोटो |
|---|---|---|---|---|
| १ | श्री कृष्णकुमारी गुरुङ | १ | ९८५६०११११२ |  |
| २ | श्री प्रेमरमण आचार्य | १ | ९८४६०२२४४४ |  |
| ३ | श्री रमेशप्रसाद शर्मा | १ | ९८४६०४५३५६<br>०६१४१५०५६ |  |
| ४ | श्री शोभा गुरुङ | १ | ९८०५८८५३०१<br>०६१५२१००२ |  |
| ५ | श्री सरस्वती अधिकारी सरु | १ | ९८४६०५०३०५<br>०६१५३४९५९ |  |
| ६ | श्री केशवलाल रंजित | १ | |  |
| ७ | श्री तारादेवी सुवेदी चुवाई | २ | ९८१६१०३५३४ |  |
| ८ | श्री शिव प्रसाद पराजुली | २ | ९८४६०२००९६ |  |
| ९ | श्री मोहनचन्द्र पराजुली | २ | ९८४६७८१२१७ |  |
| १० | श्री प्रभास पराजुली | २ | ९८४६०८२५९५ |  |
| ११ | श्री गजेन्द्र बहादुर भारी | २ | ९८५६०३४२४८ |  |
| १२ | श्री शिवजी कोइराला | ४ | ९८५६०१९३१८<br>०६१५२८६७२ |  |
| १३ | श्री सरिता पराजुली | ४ | ९८४६७६०३०९ |  |
| १४ | श्री सविता शर्मा | ४ | ९८४६०४४६९६<br>०६१५३५३५१४ |  |
| १५ | श्री इन्द्रकुमारी अधिकारी | ४ | ९८५६० ४८२८१<br>०६१ ५२६८७४ |  |
| १६ | श्री हरिप्रसाद पण्डित | ४ | ९८५६० ३२८१०<br>०६१ ५२२७८० |  |
| १७ | श्री विष्णुप्रसाद अधिकारी | ५ | ९८५६० ३०५३२<br>०६१ ५२८१५० |  |
| १८ | श्री कृष्णप्रसाद बराल | ५ | ९८४६०४७९७९ |  |

| | | | | |
|---|---|---|---|---|
| १९ | श्री सिर्जना शाह बसौला | ५ | ९८४६१३८७९३<br>०६१ ४१९३७६ |  |
| २० | श्री पवित्रा शर्मा | ५ | ९८४६११३५५८<br>०६१ ४१९१६६ |  |
| २१ | श्री ख्यामनारायण लामिछाने | ५ | ९८४६० ८६७७७ |  |
| २२ | श्री राजुराज अधिकारी | ६ | ९८४६१ १५५८९<br>०६१ ४६४६६० |  |
| २३ | श्री पम्फा देवकोटा पहारी | ६ | ९८५६०२०८२२ |  |
| २४ | श्री एकराज न्यौपाने | ६ | ९८४६०४३९८० |  |
| २५ | श्री लिलावल्लौ न्यौपाने | ७ | ९८४६० २७८१२ |  |
| २६ | श्री केशवराज बराल | ७ | ९८५६० २२२३४<br>०६१ ४६३४९३ |  |
| २७ | श्री कल्पनाकुमारी भण्डारी | ७ | ९८५६० ०८९७३<br>०६१ ४६२७७० |  |
| २८ | श्री विष्णुप्रसाद बराल | ७ | ९८४६०३०७४७<br>०६१ ५३९३३९ |  |
| २९ | श्री राम पुरी | ७ | ९८४६६१३९६३ |  |
| ३० | श्री दण्डपाणी बराल | ८ | ९८५११ ३९५२३<br>०६१ ५३९३१४ |  |
| ३१ | श्री ईन्दिरा पराजुली | ८ | ९८४६११९५९२<br>९८५६० ५३४९१<br>०६१५२२६९१ |  |
| ३२ | श्री सिता भट्टराई | ८ | ९८४६१४३३३० |  |
| ३३ | श्री हरिबहादुर भुजेल | ९ | ९८५६०३४९२१<br>०६१ ५३९६६९ |  |
| ३४ | श्री कृष्णमाया भुजेल | ९ | ९७४६००४१४७ |  |
| ३५ | श्री शिव के.सी. | १० | ९८४६० २०७२४<br>०६१ ४३१२७३ |  |
| ३६ | श्री उदीम गुरुङ | १० | ९८४०६०४२४०<br>०६१ ४३१५७१ |  |
| ३७ | श्री गिताकुमारी कोइराला आचार्य | १० | ९८४६०५१५४४<br>०६१ ४३०३६५ |  |
| ३८ | श्री यामकुमारी बोहोरा के.सी. | १० | ९८४६३११४४७ |  |
| ३९ | श्री सावित्रीकुमारी पौडेल | ११ | ९८४६३९४१८६<br>०६१ ५५१०३६ |  |
| ४० | श्री इन्दिरा आचार्य | ११ | ९८४६० ३१०९५ |  |

| | | | | |
|---|---|---|---|---|
| ४१ | श्री विष्णुमाया घिमिरे | ११ | ९८४६२ ११२८८ |  |
| ४२ | श्री सोमबहादुर श्रेष्ठ | ११ | ९८५६० २९६८३<br>०६१ ५२८४२७ |  |
| ४३ | श्री शिवप्रसाद कोइराला | १२ | ९८४६० ३५४५६<br>०६१ ५३७०७८ |  |
| ४४ | श्री ऋषिराम लामिछाने | १२ | ९८४६०२५९८१<br>०६१ ५३९१०५ |  |
| ४५ | श्री श्रीकृष्ण लामिछाने | १२ | ९८५६०२९३२७<br>०६१ ५४०३७२ |  |
| ४६ | श्री मायादेवी बराल | १३ | ९८४६७ ६०६२४ |  |
| ४७ | श्री इन्द्रदत्त बराल | १३ | ९८४६१ ६९२२३<br>०६१ ५३२४५४ |  |
| ४८ | श्री यज्ञबहादुर कार्की | १३ | ९८४६० २१०३४ |  |
| ४९ | श्री राजेन्द्रप्रसाद बराल | १३ | ९८४६३ ३२५४७ |  |
| ५० | श्री कृष्णप्रसाद बराल | १३ | ९७४६० ०४७५२ |  |
| ५१ | श्री सूर्यप्रसाद बराल | १३ | ९८५६० २६९८६ |  |

| | | | | |
|---|---|---|---|---|
| ५२ | श्री गंगाप्रसाद सुवेदी | १३ | ९८४६४<br>४४८८० |  |
| ५३ | श्री युवराज बराल | १३ | ९७४६० १४७२८ |  |
| ५४ | श्री नवराज बराल | १३ | ९७४६० ०७४६७ |  |
| ५५ | श्री बसन्त शर्मा | १३ | ९८५६० ४२५८६ |  |
| ५६ | श्री ऋषिराम सिग्देल | १३ | ९८४०६ ०४९४६ |  |
| ५७ | श्री सुमित्रा बराल | १३ | ९८४६१ ४४६९८ |  |
| ५८ | श्री हिरादेवी बराल | १३ | ९८४६० ००८४३ |  |
| ५९ | श्री मथुराप्रसाद तिम्सीना | १४ | ९८५६०२९६८०<br>०६१ ५०५२५२ |  |
| ६० | श्री डिकबहादुर राई | १४ | ९८५६०४७८७७<br>९८०६५३२८७७ |  |
| ६१ | श्री कालिदास शर्मा | १४ | ९८५६०२१८२२<br>०६१ ५०१००२ |  |
| ६२ | श्री मालिका तिम्सिना | १५ | ९८०६६३२१२० |  |

| | | | | |
|---|---|---|---|---|
| ६३ | श्री शर्मिला पौडेल | १५ | ९८४६०६१४१८ |  |
| ६४ | श्री धनबहादुर क्षेत्री | १५ | ९८५६०३५७०८ |  |
| ६५ | श्री बसन्ती कुँवर थापा | १५ | ९८०४१६५६९६ |  |
| ६६ | श्री टकदेवी शेरपुजा | १५ | ९८४६६४२५१४<br>०६१ ४३०२८९ |  |
| ६७ | श्री गीता आचार्य | १५ | ९८५६० ३२२२८<br>०६१ ४३२६१८ |  |
| ६८ | श्री गणेशबहादुर आले | १५ | ९८४६० २१७७०<br>०६१ ४३१२९३ |  |
| ६९ | श्री कमलमोहन आचार्य | १६ | ९८५६०२६९७०<br>९८४६९८३८००<br>०६१५३४०२० |  |
| ७० | श्री राजेश थापा | १६ | ९८४६०३२५८०<br>०६१ ४४२२४८ |  |
| ७१ | श्री नन्दा गुरुङ | १६ | ९८२७१ ५५४७९<br>०६१ ४४०५८८ |  |
| ७२ | श्री शोभा आचार्य | १६ | ९८४६२७८७६७ |  |
| ७३ | श्री नरनाथ भट्टराई | १६ | ९८४६० ४५१५८<br>०६१ ४४११४८ |  |
| ७४ | श्री ऋषिराम शर्मा | १७ | ९८५६० २१६२४<br>०६१ ५३०४४१ |  |
| ७५ | श्री प्रतिमातिवारी (चालिसे) | १७ | ९८४६१ ६८५६२<br>०६१ ४६२०५९ | |
| ७६ | श्री रघुनाथ शर्मा | १७ | ९८५६०७७०६१<br>९८४६०२१२५५<br>०६१ ४०२०४४ |  |
| ७७ | श्री भुपराज पोखरेल | १७ | ९८५६०३७१२९<br>०६१ ४६१९३३ |  |
| ७८ | श्री चेतबहादुर गुरुङ | १७ | ९८५६०३०४३३<br>९८२५१५०२०९ |  |
| ७९ | श्री सविता भण्डारी सुवेदी | १७ | ९८०६५०३२४२<br>०६१ ४६२२९४ |  |
| ८० | श्री लोकबहादुर कार्की | १८ | ९८४१५ ४६३९२<br>९८६१५ ३३६६१ |  |
| ८१ | श्री तिलक प्रसादकोइराला | १८ | ९८४६०६५६४०<br>०६१५३५४२१ |  |
| ८२ | श्री बलरामति मिल्सिना | १८ | ९८५६०३५५५४ |  |
| ८३ | श्री बसन्त सुवेदी | १८ | ९८५६०४३९६६ |  |
| ८४ | श्री ऋषिराम पौडेल | १९ | ९८५६०२१८७५ |  |

| | | | | |
|---|---|---|---|---|
| ८५ | श्री सन्तु रामजाली थापा | १९ | ९८४१५९८२०० |  |
| ८६ | श्री डोलराज अधिकारी | १९ | ९८४६०३०५७१ |  |
| ८७ | श्री तुलसी प्रसाद गौतम | १९ | ९८४६०२६८२० |  |
| ८८ | श्री दामोदर आचार्य | २० | ९८४६१११११५६ |  |
| ८९ | श्री मोहन के.सी. | २० | ९८४६०३७३०८ |  |
| ९० | श्री भिमबहादुर गुरुङ | २० | ९८४६०५४१५८ |  |
| ९१ | श्री हर्कबहादुर रेग्मी | २१ | ९८४६० ४३९९८ |  |
| ९२ | श्री शशिधर सुवेदी | २१ | ९८४६० ३२३८४ |  |
| ९३ | श्री खेमराज पोखरेल | २१ | ९८०८१ ३६५०३ |  |
| ९४ | श्री भगिरथ पौडेल | २१ | ९८४६१ ९८२१५ |  |
| ९५ | श्री भुपालकुमारी गुरुङ | २१ | ९८४६२ ०७२६९ |  |
| ९६ | श्री दिपा ठकुरी | २१ | ९८२६१ ३८०७९ |  |
| ९७ | श्री सुजिता के.सी | २१ | ९८१७१ ६४१६७ |  |
| ९८ | श्री टिकाश्री गुरुङ | २१ | ९८४६२ ५७६६८ |  |
| ९९ | श्री गंगाबहादुर कुंवर | २१ | ९८४६७ ९४१६० |  |
| १०० | श्री जगनाथ भण्डारी | २१ | ९८४६० ४२९७६ |  |
| १०१ | श्री हेमसागर बराल | २२ | ९८४६१३४५४९ |  |
| १०२ | श्री दिनेशराज बराल | २२ | ९८४६१००७७३<br>०६१ ५४११४३ |  |
| १०३ | श्री ध्रुवराजपौडेल | २२ | ९८०५८ ८०७२८ |  |
| १०४ | श्री कमलप्रसाद बराल | २२ | ९८५६०७१३५४ |  |
| १०५ | श्री मुक्तिराम बराल | २२ | ९८५६०२३००२ |  |
| १०६ | श्री विमला गुरुङ घले | २३ | ९८१५१ ४९५१० |  |

| | | | | |
|---|---|---|---|---|
| १०७ | श्री कृष्ण प्रसाद सुवेदी | २४ | ९८४६२ ६१६३५ |  |
| १०८ | श्री सूर्य बहादुर अधिकारी | २४ | ९८०४१ ५४६०८ |  |
| १०९ | श्री ननिता अर्याल त्रिपाठी | २४ | ९८०६५ ६३३१५ |  |
| ११० | श्री जीवनकुमार भट्टराई | २४ | ९८०४१ १७०५३ |  |
| १११ | श्री खगेन्द्रबहादुर थापा | २५ | ९८०४१ ०७५४९<br>०६१ ४०१०८६ |  |
| ११२ | श्री दानबहादुर थापा | २५ | ९८४६० ३३८११<br>०६१ ४०१०३३ |  |
| ११३ | श्री पदमलाल अधिकारी | २५ | ९८०६५ ६१५९३ |  |
| ११४ | श्री सृजना सापकोटा | २५ | ९८४६० ६९४८७ |  |
| ११५ | श्री लालबहादुर गायक | २५ | ९८४६१ ००८७५ |  |
| ११६ | श्री मुक्तिराम भण्डारी | २५ | ९८४६१ ५५०४९ |  |
| ११७ | श्री राधा पौडेल | २५ | ९८४६० ५१५६९ |  |
| ११८ | श्री मिनाकुमारी (तिमिल्सीना) | २५ | ९८१४१ १६१७४ |  |
| ११९ | श्री अर्जुन पौडेल | २५ | ९८५६० ४६७४५<br>०६१ ४०००६४ |  |
| १२० | श्री ओमकुमारी सिग्देल बाँस्तोला | २५ | ९८४६० ६३३७६ |  |
| १२१ | श्री गंगाबहादुर कुंवर | २५ | ९८१४१ ७५३१३ |  |
| १२२ | श्री शान्ता के.सी. | २५ | ९८४६१ १०६०४<br>०६१ ४०१४६६ |  |
| १२३ | श्री भगवतीथापा | २५ | ९८२५१ ३२३८२ |  |
| १२४ | श्री मीराकुमारी श्रेष्ठ | २५ | ९८४६० |  |
| १२५ | श्री लेखनाथ सापकोटा | २६ | ९८४६० २३७१९<br>०६१ ५६१२५३ |  |
| १२६ | श्री विनिमाधव अधिकारी | २६ | ९८४६० ३१९२८ |  |
| १२७ | श्री सरस्वती गौतम | २६ | ९८४६२ ८८७९९<br>०६१ ४११५५४ |  |
| १२८ | श्री मेखबहादुर वि.क. | २६ | ९८४६३ ०४२१३ |  |

| | | | | |
|---|---|---|---|---|
| १२९ | श्री रामप्रसाद ढुंगाना | २६ | ९८४६० ५९१२९ |  |
| १३० | श्री रितादेवी रानाभाट | २६ | ९८४६१ ४१७१४ |  |
| १३१ | श्री नारायणप्रसाद पौडेल | २६ | ९८४६० ३४९०५ |  |
| १३२ | श्री टउबहादुर गुरुङ | २७ | ९८४६० ४२९०३ |  |
| १३३ | श्री ख्यामबहादुर भुजेल | २७ | ९८१४१ ३०६७५ |  |
| १३४ | श्री टेकबहादुर बहादुर भुजेल | २७ | ९८४६० ३०२८३ |  |
| १३५ | श्री भगवती भट्टराई लामिछाने | २७ | ९८४६२०८२२३ |  |
| १३६ | श्री टिकाराम भूर्तेल | २७ | ९८५६० ६१९५३<br>०६१ ५६११९७ |  |
| १३७ | श्री मनोहरी बस्ताकोटी | २८ | ९८५६०३५५१९ |  |
| १३८ | श्री श्यामबहादुर के.सी. | २८ | ९८४६१५२९१७ |  |
| १३९ | श्री रामकृष्ण त्रिपाठी | २८ | ९८४६०३४४०२ |  |

| | | | | |
|---|---|---|---|---|
| १४० | श्री विष्णुमाया सुवेदी भण्डारी | २८ | ९८५६० ४३३७१ |  |
| १४१ | श्री शिवमणि भट्टराई | २९ | ९८४६४ ५३१८३ |  |
| १४२ | श्री मातृकाप्रसाद लामिछाने | २९ | ९८४६० ६६१२४<br>०६१ ५६०६८५ |  |
| १४३ | श्री मोहन सिं गुरुङ | २९ | ९८०४१ ३१८८३ |  |
| १४४ | श्री दिलकुमारी सुनार | २९ | ९८०६६ ११६१४ |  |
| १४५ | श्री सञ्जयबाबु भट्टराई | २९ | ९८४६२ १३५४० |  |
| १४६ | श्री शिवराज अधिकारी | ३० | ९८४६२ ०१५६४ |  |
| १४७ | श्री इन्द्रकुमारी गुरुङ | ३० | ९८०४१ ३०५२८ |  |
| १४८ | श्री कृपा पौडेल | ३० | ९८४६० ५८३६७ |  |
| १४९ | श्री नारायणीदेवी रिमाल अधिकारी | ३० | ९८४६१ ४९२५३ |  |
| १५० | श्री उमा परियार | ३० | ९८४६० ४५३९० |  |

| | | | | |
|---|---|---|---|---|
| १५१ | श्री नन्दप्रसाद अधिकारी | ३१ | ९८४६० ८७१८३ |  |
| १५२ | श्री प्रेमबहादुर सुनार | ३१ | ९८४६० ४५००५ |  |
| १५३ | श्री राजु सापकोटा | ३१ | ९८४६२ ०९८२६ |  |
| १५४ | श्री फणिन्द्र मोहन शर्मा | ३१ | ९८४६३२०७०५ |  |
| १५५ | श्री द्रोणराज अधिकारी | ३१ | ९८४६८५९४६९ |  |
| १५६ | श्री शान्ति घिमिरे (ढकाल) | ३२ | ९८४६० ४८८२८ |  |
| १५७ | श्री शालीकराम पंगेनी | ३२ | ९८४६४ ४१८७७ ०६१ ४१०१६४ |  |
| १५८ | श्री सरिता ढुंगाना खनाल | ३२ | ९८४६२ ०५१८१ |  |
| १५९ | श्री पदमराज तिवारी | ३२ | ९८४६१ ०७२८२ ०६१ ४१००८१ |  |
| १६० | श्री निर्मला भट्टराई | ३२ | ९८६६४५६५८६ |  |
| १६१ | श्री निलराज आर्चाय | ३३ | ९८५६० ३६०६८ |  |
| १६२ | श्री श्रीभद्र बराल | ३३ | ९८५६० ३६०३४ |  |
| १६३ | श्री यज्ञप्रसाद अधिकारी | ३३ | ९८५६० २५३५३ |  |
| १६४ | श्री कृष्णप्रसाद सुवेदी | ३३ | ९८५६० १९६३९ |  |
| १६५ | श्री हुमाकुमारी आचार्य | ३३ | ९८४६० ३८३२६ |  |
| १६६ | श्री मनोहर शर्मा आचार्य | ३३ | ९८५६० ३५१३४ |  |
| १६७ | श्री विश्वेस्वर आचार्य "हरामी" | ३३ | ९८५६० २६८४९ |  |
| १६८ | श्री बेलकुमारी आचार्य | ३३ | ९८४६७ ८१०९७ |  |
| १६९ | श्री बलबहादुर बानियाँ | ३३ | ९८६६० १४८११ |  |
| १७० | श्री चन्द्रबहादुर पुन मगर | ३३ | ९८१६१ ४९९१९ |  |
| १७१ | श्री एमिनादेवी भूजेल | ३३ | ९८४६३ ०४७२३ |  |
| १७२ | श्री हेमबहादुर पराजुली थापा | ३३ | ९८१७१ २३७५३ |  |
| १७३ | श्री भेषराज भण्डारी | ३३ | ९८२५१ ६९६३३ |  |
| १७४ | श्री सामुदायिक मेलमिलापकर्ता समाजकास्की | ७ | ०६१ ४६४८३९ | |

# दुर्घटनाबाट बच्न ध्यानदिई दुर्घटना हुनबाट बचौं

सिलिन्डर ल्याउँदा, लैजादा नगुडाऔं, भान्सामा सिलिन्डर सधै ठाडो राखीप्रयोग गरौं, सिलिन्डर सुताएर वा घोप्टाएर प्रयोग नगरौं । ग्यास चुलोको रेगुलेटर, पाइप, चुलो जस्ता उपकरणहरु गुणस्तर भएको मात्रप्रयोग गरौ । हरेक दुई वर्षमाग्याँसको पाइप फेरौं । काम सके पछि रेगुलेटर बन्दगर्न नबिर्सौं । खाना पकाउँदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्रखानापकाउने गरौं ।

**पोखरा महानगरपालिका कार्यालय**

# नगरबासीका लागि जारी गरिएको सार्वजनिक सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ नगरपालिकाको काम, कर्तव्य र अधिकार दफा ११ (भ) को आधारभूत स्वास्थ्य र सरसफाइ को (६) मा सरसफाइ सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोर मैला व्यवस्थापन, (७) मा स्वास्थ्यजन्य फोहोरमैला संकलन, पुन उपयोग, प्रशोधन, विर्सजन, र सोको सेवाशुल्क निर्धारण र नियमन तथा (१०) मा सरफाइ तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापन निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य, साझेदारी भागिदारी आदि व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारकमा छ । सोही बमोजिम पोखरा महानगरपालिकाले सार्वजजिक सूचना जारी गरेको छ । सो कार्यान्वयन गर्न नगरबासीहरुमा अनुरोध गरिन्छ ।

- घर/पसल/व्यवसायीहरुले अनिवार्य फोहोरको भाँडो राख्ने ।
- आफ्नो घर/पसल अगाडि तथा वरिपरिको आधा सडक पेटी सधै सफा राख्ने ।
- घर पसल वा कुनै पनि व्यवसायबाट संकलित फोहोर कुहिने र नकुहिने छुट्टायाइ कुहिने फोहोरलाई मल बनाइ घरको बोट बिरुवा, करेसाबारी तथा कौशी खेतीमा प्रयौंग गरौं । नकुहिने फोहोर मात्र महानगरपालिका वा फोहोर संकलनको लागि आउने साधनमा राखी पठाउँ ।
- सडक छेउमा रहेका पसल, कलकारखाना वा अन्य व्यवसाय गर्ने व्यवसायीले सडक पेटी अतिक्रमण गरी वा पैदल यात्रामा अवरोध हुने गरी फुटपाथमा पसल नराखौं ।
- सडक पेटी तथा चोक गल्लीमा मोटर साइकल राखी मर्मत गर्ने धुने काम नगरौं ।
- वर्षाद तथा कुनै पनि किसिमको पानी घर छतबाट पाइप राखी सडकमा नखसालौं ।

# पोखरा महानगरको सूचना

- **खुल्ला राखिएका, फोहोरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्री नगरौं/नगराऔं।**
- **घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भू–नोट मा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं।**
- **समयमै कर तिरौं। सभ्य नागरिकको परिचय दिऔं।**
- **जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका घटनादर्ताहरु समयमै गरौं।**

**पोखरा महानगरपालिका**

# पोखरा महानगरपालिकाको संक्षिप्त जानकारी




महानगरपालिकाको नाम :- पोखरा महानगरपालिका

जिल्ला :- कास्की

नगरपालिका स्थापना वर्ष :- २०१६

उप-महानगरपालिका स्थापना :- २०५२ माघ १८

महानगरपालिका स्थापना :- २०७३ फागुन २७

महानगरपालिकाको केन्द्र :- पोखरा महानगरपालिका वडा नं. ८ न्यूरोड पोखरा

*(२०७१ मंसिर १६ गते १० गाविस लामाचौर, भलाम, काहूँ, आर्वा विजय, निर्मलपोखरी, कृस्तिनाच्ने चौर, पुम्दीभुम्दि, सराङ्को, हेमजा र अर्मला गाभिएर उपमहानगरपालिका भएको, मिति २०७३ फागुन २७ गते ६ गाविस चापाकोट, कास्कीकोट, पुरुन्चौर, मौजा, कालिका र माझठाना साथै लेखनाथ नगरपालिका गाभिएर पोखरा लेखनाथ महानगरपालिका बनेको र महानगरको २०७५ असार १० गतेको नगर सभाबाट महानगरको नाम पोखरा महानगर राख्ने सिफारिसलाई मिति २०७५ साउन २३ गतेको मन्त्रिपरिषदको निर्णय अनुसार मिति २०७५ भदौ २५ गते राजपत्रमा प्रकाशित भई पोखरा महानगरको नाम कार्यान्वयनमा आएको)*

टेलिफोन :- ०६१-५२१४६०, ५२०३९२

फ्याक्स :- ०६१-५२०६००

इमेल :- info@pokharamun.gov.np

वेबसाइट :- www.pokharamun.gov.np

वडा संख्या :- ३३

## घरधुरी संख्या र जनसंख्या विवरण

| वडा | घरधुरी संख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | ४५४१ | ७६१७ | ७८९६ | १५५१३ |
| २ | २४६४ | ४२६१ | ४४६८ | ८७२९ |
| ३ | २७५० | ४५४३ | ४९१९ | ९४६२ |
| ४ | २४९१ | ४३८८ | ४७३१ | ९११९ |
| ५ | ३९७३ | ७४३० | ७३७३ | १४८०३ |
| ६ | ३८६९ | ७००८ | ७७२१ | १४७२९ |
| ७ | ३४५१ | ६५४० | ६३३५ | १२८७५ |
| ८. | ७१३८ | १२५४१ | १३५३९ | २६०८० |
| ९ | ४२९५ | ८०५३ | ८५७३ | १६६२६ |
| १० | ४९१२ | ९५२२ | ८९४८ | १८४७० |
| ११ | ४०२३ | ७५९७ | ७११९ | १४७१६ |
| १२ | ३०१४ | ६१७२ | ५४४१ | ११६१३ |
| १३ | ४१४९ | ९२६५ | ७८१२ | १७०७७ |
| १४ | ३३०५ | ६९६५ | ६२६० | १३२२५ |
| १५ | ४३२८ | ९२४७ | ७७८० | १७०२७ |
| १६ | ५४६२ | १०४४८ | ९८३० | २०२७८ |
| १७ | ६९४४ | १३९८२ | १२७७० | २६७५२ |
| १८ | २०८० | ४४५५ | ३८९९ | ८३५४ |
| १९ | २६१० | ५८०४ | ४८२० | १०६२४ |
| २० | १०२७ | २२०८ | १८१४ | ४०२२ |
| २१ | २४३२ | ५२०४ | ३८८६ | ९०९० |
| २२ | १८३७ | ४०३३ | ३३५८ | ७३९१ |
| २३ | १३०० | २७२१ | २१९६ | ४९१७ |
| २४ | १५०८ | ३३०१ | २५९१ | ५८९२ |
| २५ | ३०१९ | ६६२९ | ५६३३ | १२२६२ |
| २६ | २९०३ | ६१५४ | ५२४० | ११३९४ |
| २७ | २३५८ | ५१०६ | ४४७७ | ९५८३ |
| २८ | १३०३ | २६८० | २०४७ | ४७२७ |
| २९ | २२६१ | ४९९३ | ३९६८ | ८९६१ |
| ३० | २७८६ | ५७३२ | ५०९१ | १०८२३ |
| ३१ | १९०८ | ४०४४ | ३३३४ | ७३७८ |
| ३२ | २७२१ | ५९२२ | ४७५५ | १०६७७ |
| ३३ | २४६८ | ५४५३ | ४३५३ | ९८०६ |
| जम्मा | १०५,६३० । | २१०,०१८ । | १९२,९७७ । | ४०२,९९५ । |

*राष्ट्रिय जनगणना २०६८ अनुसार*

महिला :- २१०,०१८
पुरुष :-१९२९७७
जम्मा :-४०२,९९५

घर धुरी संख्या :-१०५,६३०
क्षेत्रफल :- ४६४.२४ वर्ग कि.मी.

**सिमाना**

पूर्व - मादी र रुपा गाउँपालिका

पश्चिम - अन्नपूर्ण गाउँपालिका, पर्वत र स्याङ्जा

उत्तर - माछापुच्छ्रे र मादी गाउँपालिका

दक्षिण - स्याङ्जा र तनहुँ

क्षेत्रफलका हिसाबले सबैभन्दा सानो वडा - वडा नं. ४

क्षेत्रफल - ०.५१ वर्ग कि.मि.

क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो वडा - वडा नं. २३

क्षेत्रफल - ४७.४८ वर्ग कि.मि.

**विद्यालयको संख्या**

| आधारभूत | मा.वि. | क्याम्पस | विश्वविद्यालय | प्रा.शिक्षालय | तालिम/प्रशिक्षण केन्द्र |
|---|---|---|---|---|---|
| १०६ | ७० | १७ | १ | १ | १ |

**साक्षारता प्रतिशत**

| महिला | पुरुष | जम्मा ( कास्की जिल्लाको ) |
|---|---|---|
| ७५.३ ५ | ९०.१ ५ | ८२.३ ५ |

**स्वास्थ्य संस्था सम्बन्धी विवरण**

| अस्पताल | | | प्राथमिक स्वास्थ्य केन्द्र | सहरी स्वास्थ्य केन्द्र | हेल्थ पोस्ट | डेन्टल क्लिनिक | ल्याब | आयुर्वेद केन्द्र | पोलिक्लिनिक |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | शैय्या | | | | | | | |
| सरकारी | २ | ४० | ४ | १५ | १९ | ४८ | १७ | ३ | १५ |
| निजी | २३ | २१३६ | | | | | | | |

**ल्यान्डफिल साइटको अवस्था**

- ल्यान्डफिल साइटको क्षेत्रफल २०० रोपनी (जसमध्ये ८० रोपनी क्षेत्रफल फोहर पुर्ने प्रयोजन र बाँकी क्षेत्रफल कम्पोष्ट यार्ड, ट्रिटमेन्ट प्लान्ट, बफरजोन लगायत अन्य प्रयोजन)

**महत्वपूर्ण प्राकृतिक/धार्मिक/सांस्कृतिक/पर्यटकीय सम्पदाहरु**

**नदी/खोला**

- सेती नदी
- सुरौदी खोला
- काँहु खोला
- फुस्रे खोला
- हर्पन खोला
- याम्दी खोला
- विजयपुर खोला
- बुलौंदी खोला
- काली खोला
- गडुवा खोला

**ताल/पोखरी**

- फेवाताल
- बेगनासताल
- रुपाताल
- मैदीताल
- खास्टेताल
- गुँदेताल
- न्यूरेनीताल
- दिपाङ ताल
- पञ्चासे ताल
- कश्यप ताल
- कमल पोखरी

**मन्दिर/गुम्बा/ बिहार**

- विन्ध्यवासिनी मन्दिर
- ताल बाराही मन्दिर
- भद्रकाली मन्दिर
- अकलादेवी मन्दिर
- केदारेश्वर मन्दिर
- गुप्तेश्वर महादेव मन्दिर
- नारायणस्थान मन्दिर
- गीता मन्दिर
- राम मन्दिर, रामघाट
- कोटभैरव भरतपोखरी
- सदा शिव मन्दिर, ढुंगेसाँघु
- लक्ष्मीनारायण मन्दिर, अर्मला
- शोभा भगवती मन्दिर, रानीपौवा
- सिद्धेश्वर महादेव मन्दिर, फूलबारी
- गुप्तकालिका मन्दिर कास्कीकोट
- ठूलाकोट मन्दिर, ठूलाकोट
- कालिका मन्दिर, कालिका
- मनकामना मन्दिर, माझठाना
- माटेपानी गुम्बा
- हेमजा गुम्बा
- धर्मशिला बुद्धविहार आदि ।
- विश्वशान्ति स्तूप, अनदूडाँडा

**कोट/ धरहरा/ भ्यु टावर**

- सराङकोट भ्यू टावर
- काहुँ धरहरा
- मट्टिखान भ्यू टावर
- पञ्चासे भ्यू टावर
- सुन्दरी डाँडा भ्यू टावर
- हुँडीकोट
- पुम्दीकोट
- अर्मलाकोट
- भुम्दीकोट
- ठूलाकोट

**गुफाहरु**

- महेन्द्र गुफा
- चमेरे गुफा
- हरिहर गुफा
- गुप्तेश्वर गुफा, भलाम
- सिद्ध गुफा
- सिता गुफा लगायत अन्य..
- कास्कीकोट दरबार
- रत्न मन्दिर, बाराहीघाट
- डेभिजफल्स आदि ।

**संग्रहालय**

१. अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय
२. गोर्खा संग्रहालय
३. पोखरा स्मृति संग्रहालय
४. क्षेत्रीय संग्रहालय
५. अन्नपूर्ण पुतली संग्रहालय

**साहसी खेल पर्यटनसँग सम्बन्धित**

१. प्याराग्लाइडिङ
२. जिप फ्लायर
३. बञ्जी जम्प
४. ट्रेकिङ
५. अल्ट्रालाइट
६. हाइकिङ
७. पोनी ट्रेक
८. र्‍याफ्टिङ
९. फिसिङ
१०. फुटबल, भलिबल र क्रिकेट लगायत अन्य खेलका अन्तर्राष्ट्रिय प्रतियोगिताहरु

**पार्क, उद्यान, बाटीका**

१. कोमागाने मितेरी पार्क
२. वसुन्धरा पार्क
३. पर्स्याङ बगैंचा पार्क
४. फूलबारी पार्क
५. मनकामना पार्क
६. शान्ति वन बाटिका आदि ।
७. सहिद तथा राष्ट्रिय विभूति पार्क